नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

# विद्यालय सुधार योजनाको प्रयोगवाट विद्यालय व्यवस्थापन सुधारका लागि

# आवश्यक स्रोतसामग्री

साउन २०७१

नेपाल सरकार

शिक्षा मन्त्रालय

शिक्षा विभाग

# विद्यालय सुधार योजनाको प्रयोगवाट विद्यालय व्यवस्थापन सुधारका लागि

# आवश्यक स्रोतसामग्री

साउन २०७१

प्रकाशक

नेपाल सरकार

शिक्षा मन्त्रालय

**शिक्षा विभाग**

सानोठिमी, भक्तपुर

© सर्वाधिकार

शिक्षा विभाग

साउन २०७१

# प्राक्कथन

गुणस्तरीय शिक्षा प्राप्त गर्नु बालवालिकाको जन्मसिद्ध अधिकार हो । सन् १९४८ मा संयुक्त राष्ट्रसंङ्घीय मानवअधिकार घोषणापत्र, सन् १९६० को महिला अधिकार घोषणापत्र, सन् १९८९ को बालअधिकार घोषणापत्र लगायतका अन्तर्राष्ट्रिय स्तरमा भएका शिक्षा सम्बन्धी सम्मेलनका साथै नेपालको अन्तरिम संविधान, २०६३ ले शिक्षालाई बालबालिकाको मौलिक हकको रुपमा स्थापित गरेको छ । नेपालको विद्यालय शिक्षा प्रणालीमा अग्रगामी सुधार गर्ने रणनीतिक योजनाका रुपमा विद्यालय क्षेत्र सुधार योजना कार्यक्रम (SSRP) २००९-२०१५ कार्यान्वयनमा रहेको छ । वर्तमान अवस्थामा विद्यालय सुधार योजनालाई SSRP द्वारा निर्धारित अधिकांश लक्ष्यहरु पुरा गर्न सक्षम सुधार-संयत्रका रुपमा आत्मसात गरिएको छ ।

समुदायद्वारा सहजीकृत विद्यालयमा आधारित व्यवस्थापनको अवधारणा बमोजिम यस्तो सुक्ष्म एवम् संस्थागत योजना निमार्ण र त्यसको कार्यान्वयनलाई नेपालका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा लागु गर्ने प्रावधान मिलाएको छ । गुणस्तरीय शिक्षाका लागि एउटा विद्यालयमा सवल र सक्षम विद्यालय व्यवस्थापक, शिक्षक, अभिभावक, समुदाय सबैको सहयोग र सहकार्य हुनु जरुरी छ । शिक्षामा विकेन्द्रीकरण अवधारणा संस्थागत गर्ने सन्दर्भमा समेत स्थानीय सहभागितामा योजना निर्माण सो को कार्यान्वयन र वान्छित प्रतिफल प्राप्त गर्ने औजारका रुपमा समेत विद्यालय सुधार योजनालाई लिइएको छ । यसबाट सहभागितामूलक विकास ढाँचालाई प्रोत्साहन गर्दै नेपालको समग्र विकास कार्यमा समेत महत्वपुर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । यसै सन्दर्भमा विद्यालयको व्यवस्थापनलाई नतिजामा आधारित बनाउने क्रममा थप सहजीकरणका लागि आवश्यक पर्ने स्रोत सामग्रीका रुपमा यो पुस्तिका तयार पारिएको हो । वि.व्य.स. / शि.अ.सं.का पदाधिकारीहरुको क्षमता अभिबृद्धीका लागि विभिन्न प्रयासहरु भयतापनि भएका तालिम कार्यक्रमहरुलाई अझ प्रभावकारी गर्न आवश्यकता महसुस गरिएको छ । यसै सन्र्दभमा विद्यालयस्तरको सहजिकरणको लागि आवश्यक पर्ने स्रोत सामग्रीका रुपमा यो पुस्तिका तयार पारिएको हो ।

यो पुस्तिका विद्यमान सरकारी नीति नियम र ऐन कानुनहरुको आधारमा स्थानीयस्तरका सरोकारवालाहरुको लागि तयार गरिएको सन्दर्भ सामग्री हो । यस पुस्तिका तयार गर्न सल्लाह एवम् मार्गदर्शन प्रदान गर्ने शिक्षा विभागका उपनिर्देशकद्वय श्री जया प्रसाद आचार्य र श्री रामराज खकुरेल तथा सबै शाखाका प्रमुखहरु धन्यवादका पात्र हुनु हुन्छ । यस पुस्तिकाको तयारीका लागि तथा छपाई लगायतका कार्यहरुका लागि प्राविधिक र प्रशासनिक सहायता गर्ने जापान अन्तर्रराष्ट्रिय सहायता नियोग को विद्यालय व्यवस्थापनमा सुधार सहयोग (सिसम२) परियोजनालाई धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा, यस पुस्तिकालाई थप प्रभावकारी, उपयोगी र रुचिकर तुल्याउन सम्बन्धित सरोकारवालाहरुबाट रचनात्मक सुझाव र हौसला अपेक्षा गरिन्छ ।

साउन २०७१

डा. लवदेव अवस्थी
महानिर्देशक

# विषय–सूची

१. शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (छैटौं संशोधन २०६७ समेत) वाट संकलित सामग्रीहरू........................................................................१

१.१ विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार ..........................................१

१.२ शिक्षक-अभिभावक सङ्घंको गठन तथा काम, कर्तव्य र अधिकार ...................................३

१.३ प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार ..............................................................३

१.४ शिक्षकको आचारसंहिता ........................................................................ ५

१.५ विद्यार्थीको आचारसंहिता.........................................................................६

२. स्थानीय स्वायत शासन ऐन २०५५ वाट संकलित शिक्षासंग सम्वन्धित सामग्रीहरू......................६

२.१. जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार.....................................................६

२.२. नगरपालिकाको काम, कर्तव्य र अधिकार..............................................................६

२.३ गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार ..................................................... ७

३. बालमैत्री विद्यालय स्वमूल्यांकन स्रोत पुस्तिका २०७० वाट उद्धृत सामग्रीहरू.......................... ८

३.१ बालमैत्री विद्यालय सम्वन्धि न्यूनतम र अपेक्षित मापदण्डहरू ........................................ ८

३.२ विद्यालयको न्यूनतम सक्षमताको अवस्था (Minimum Enabling Condition-MEC) .....................१७

४. विद्यालयहरूको सामाजिक परीक्षण (Social Audit) गर्ने सम्वन्धी निर्देशिका (पहिलो संशोधन २०७१ सहित) २०६५ ............................................................................ २०

५. अन्य सामग्रीहरू ...............................................................................४४

५.१ विद्यालयमा न्यूनतम् रूपमा हुनुपर्ने सामग्रीहरू ...................................................४४

५.२ शिक्षा विभागवाट विद्यालय स्तरमा प्रवाह गरिने कार्यक्रमहरू: कार्यक्रम कार्यान्वयन पुस्तिकाका २०७० वाट उद्धृत ...................................................................... ४५

५.२.१. प्रारम्भिक वालविकास कार्यक्रम.................................................................४५

५.२.२. बैकल्पिक विद्यालय कार्यक्रम.....................................................................४५

५.२.३ समाहित शिक्षा कार्यक्रम........................................................................ ४६

५.२.४ घुम्ती विद्यालय कार्यक्रम ....................................................................... ४६

५.२.५. नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यक्रम.............................................. ४६

५.२.६. धार्मिक विद्यालय (गुरुकुल/आश्रम/मदरसा/गुम्वा/बिहार) ........................................ ४६

५.२.७. भौतिक सुविधा विस्तार कार्यक्रम................................................................४६

५.२.८ नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था ...............................................................४७

५.२.९ प्रति विद्यार्थी लागत अनुदान ....................................................................४७

५.२.१०. छात्रवृत्ति कार्यक्रम ............................................................................ ४७

५.२.११ विद्यालयमा Internet Connection र कम्प्युटर सहयोग अनुदान कार्यक्रम ...................४८

५.२.१२. निरन्तर विद्यार्थी मुल्याङ्कन कार्यक्रम ........................................................................ ४८
५.४ शिक्षाका राष्ट्रिय सरोकारका विषयहरू ........................................................................ ४९
५.३.१ सबैका लागि शिक्षाका विश्वव्यापी लक्ष्यहरू र नेपालको राष्ट्रिय कार्य योजना ..................... ४९
५.३.२ विद्यालय क्षेत्र सुधार योजना (२०६६–२०७२) ........................................................ ५०
५.३.३ तेह्रौ योजना (आ.व. २०७०/०७१–२०७२/०७३) आधार पत्रमा शिक्षा ............................. ५३
५.३.४ साक्षर नेपाल अभियान ........................................................................ ५७

# १. शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (छैटौं संशोधन २०६७ समेत) वाट सङ्कलित सामग्रीहरू

## १.१ विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

➢ शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा १२ को उपदफा ६ मा भएको व्यवस्था बमोजिम सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,
(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,
(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराईराख्ने,
(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयलाई दिने,
(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,
(च) जिल्ला शिक्षा कार्यालयबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,
(छ) जिल्ला शिक्षा कार्यालयले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,
(ज) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेस गर्ने,
(झ) जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयले दिएको आदेश तथा निर्देशनहरूको पालना गर्ने,
[ञ]●(ञ) आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिहरूलाई खुल्ला प्रतिस्पर्धाको आधारमा शिक्षक पदमा नियुक्ति गर्ने र त्यसरी नियुक्त शिक्षकको लागि पारिश्रमिक, सुविधा तथा पदोन्नतिको व्यवस्था गर्ने,
(ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक सङ्घ गठन गर्ने ।

➢ शिक्षा नियमावली २०५९ (छैटौ संशोधन २०६७ समेत) मा भएको व्यवस्थाबमोजिम शिक्षा ऐनमा लेखिदिएबाहेक सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,
(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,
(ग) शिक्षकलाई तालिमको लागि छनौट गर्ने,
(घ) तालिममा जाने शिक्षकलाई तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा सर्तहरू निर्धारण गरी कबुलियतनामा गराउने,
(ङ) शिक्षकहरूको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

●शिक्षा तथा खेलकुदसम्वन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०६३ द्वारा संशोधित

(च) विद्यालयको स्रोतबाट बेहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता खुवाउने,

(छ) नेपाल सरकारबाट स्वीकृत भएको दरवन्दीको शिक्षक पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र जिल्ला शिक्षा कार्यालयमा लेखी पठाउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने तथा आवश्यकतानुसार आफ्नो रायसहितको प्रतिवेदन कारवाहीको लागि जिल्ला शिक्षा कार्यालयमा पठाउने,

(झ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ञ) नेपाल सरकारवाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ट) विद्यार्थीहरूले पालना गर्नु पर्ने आचारसंहिता बनाई लागू गर्ने,

(ठ) शिक्षकहरूको अभिलेख अध्यावधिक गराई राख्ने,

(ड) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ढ) शिक्षकलाई गरिएको विभागीय कारवाहीको जानकारी जिल्ला शिक्षा अधिकारीसमक्ष पठाउने,

°[६](ढ१) निर्देशनालयबाट प्राप्त सूचीमा उल्लेख भएका लेखापरीक्षकहरू मध्येबाट लेखापरीक्षकको नियुक्ति गर्न जिल्ला शिक्षा अधिकारीसमक्ष तीनजनाको नाम सिफारिस गरी पठाउने,

⊕(ढ२)विद्यार्थी, शिक्षक तथा अभिभावकलाई विद्यालय विकास तथा पठनपाठन सम्वन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(ण) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति बापतको रकम सोधभर्नाको लागि सम्बन्धित निकायमा माग गर्ने,

(त) निरीक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिकामा गयल जनाएकोमा त्यस्तो गयल वापत तलब कट्टी गर्ने,

(थ) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(द) जिल्ला शिक्षा कार्यालयले दिएको निर्देशनअनुरुप काम गर्ने ।

(२) व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

---

°तेस्रो संशोधनद्वारा थप

⊕ छैटौ संशोधनद्वारा थप

## १.२ शिक्षक-अभिभावक सङ्घको गठन तथा काम, कर्तव्य र अधिकार

शिक्षा ऐन २०२८ को दफा १२ को उपदफा ६ मा उल्लेख भएको सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारको (ट) मा शिक्षाको गुणस्तर कायम गर्ने सम्वन्धमा शिक्षक अभिभावक सङ्घ गठन गर्ने भन्ने उल्लेख छ । यसरी शिक्षक अभिभावक सङ्घ गठन गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिमा रहेको छ ।

शिक्षा नियामवली २०५९ को नियम ३० अनुसार देहायबमोजिम शिक्षक अभिभावक सङ्घ गठन हुने व्यवस्था गरेको छ ।

(१) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरू सदस्य रहेको एक शिक्षक-अभिभावक सङ्घ रहनेछ ।

(२) व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एकजना शिक्षक र अभिभावकहरूसमेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक- अभिभावक सङ्घको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(३) उपनियम(२) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपनियम(२) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

शिक्षा नियमावली २०५९ को नियम ३० को उपनियम ५ को (२) बमोजिम शिक्षक अभिभावक सङ्घको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) यस नियमावलीबमोजिम विद्यालयले शुल्क निर्धारण गरेनगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने ।

## १.३ प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार

शिक्षा नियमावली २०५९ को नियम ९४ मा उल्लेख भएअनुसार प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर, अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरूबीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रमबमोजिम कक्षा सञ्चालन भएनभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रवन्ध गर्ने गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्त्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षकले जानीजानी वा लापरवाहीसाथ कुनै काम गर्नाले विद्यालयलाई हानीनोक्सानी पर्न गएमा त्यस्तो हानीनोक्सानीको रकम तलबबाट कट्टा गरी असूल गर्ने,
(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिसबमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,
(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख जिल्ला शिक्षा अधिकारी तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,
(ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादनसम्बन्धी प्रतिवेदन जिल्ला शिक्षा कार्यालय तथा व्यवस्थापन समितिमा पेस गर्ने,
(ढ) शिक्षकलाई सजाय वा पुरस्कार दिने सम्वन्धमा व्यवस्थापन समिति तथा जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्ने,
(ण) महिनामा कम्तीमा एकपटक शिक्षकहरूको बैठक बोलाई विद्यालय सम्वन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,
(त) विद्यालयको स्रोतबाट तलव भत्ता खाने गरी नियुक्त भएका शिक्षक तथा कर्मचारीहरूको तलवसम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेस गर्ने,
(थ) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने,
(द) विद्यालयको वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने,
(ध) विद्यालयमा अध्ययन, अध्यापन सम्वन्धी मासिक, अर्ध-वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,
(न) शिक्षकलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई जिल्ला शिक्षा कार्यालयमा पठाउने,
(प) कुनै विद्यार्थीले विद्यालयभित्र अनुशासन भङ्ग गरेमा निजलाई निष्काशन गर्ने,
(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,
(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकारबमोजिम रकम खर्च गर्ने र आयव्ययको हिसाब राख्ने तथा राख्न लगाउने,
(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,
(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशतभन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब बृद्धि रोक्का गर्ने,
(य) विद्यालयमा दैनिक रूपमा मन्त्रालयले तोकेबमोजिम कक्षा लिने तथा लिन लगाउने,
(र) नेपाल सरकारबाट स्वीकृत दरवन्दीमा नियुक्ति पाइ कार्यरत रहेका शिक्षकको तलवी प्रतिवेदन पारित गर्न जिल्ला शिक्षा कार्यालयमा पठाउने,
(ल) आफ्नो मातहतका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने,
(व) जिल्ला शिक्षा कार्यालय तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने गराउने,
(स) विद्यालयको शैक्षिक प्रगतिसम्बन्धी विवरण तथा तथ्याङ्क मन्त्रालयद्वारा निर्धारित ढाँचा र समयभित्र निरीक्षकद्वारा प्रमाणित गराइ जिल्ला शिक्षा कार्यालयमा पठाउने,
(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन फारम भरी व्यवस्थापन समितिमा पेस गर्ने ।

## १.४ शिक्षकको आचारसंहिता

शिक्षा नियामवली २०५९ को नियम १३३ मा उल्लेख भएअनुसार शिक्षकले देहायबमोजिमको आचारसंहिता पालन गर्नु पर्नेछः-

(क) आफूलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नु पर्ने,

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आएगएको समय जनाई हाजिर हुनु पर्ने र पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुन नहुने,

(ग) आफ्नो सेवासम्बन्धी कुरामा मतलव साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु नहुने,

(घ) नेपाल सरकार र नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न वा प्रेसलाई कुनै खबर दिन वा रेडियो वा टेलिभिजन आदि जस्ता सूचना माध्यमद्वारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्न नहुने,

(ङ) विद्यार्थीलाई योग्य नागरीक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने,

(च) आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनु पर्ने,

(छ) कुनै भाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने,

(ज) सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र जिल्ला शिक्षा अधिकारीको स्वीकृति नलिई आफू वहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने,

(झ) विद्यालय वा शैक्षिक संस्थाको माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नुपर्ने,

(ञ) नेपाल अधिराज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति, सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनै पनि कार्यालय वा अधिकृतको कानुनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन, हड्ताल, थुनछेक तथा घेराउ गर्न नहुने ।

¤[घ](ट) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने ।

(२) नियमानुसार आचारसंहिताको पालन भए नभएको अभिलेख शिक्षकहरूको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा व्यवस्थापन समितिले राख्नु पर्नेछ र आचारसंहिता पालन नभएको भए त्यसको विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ ।

---

¤ छैटौं संशोधनद्वारा थप

## १.५ विद्यार्थीको आचारसंहिता

शिक्षा नियामवली २०५९ को नियम १३४ मा उल्लेख भएअनुसार विद्यार्थीहरूले देहायबमोजिमको आचारसंहिता पालन गर्नु पर्नेछः-

(क) शिक्षकको आज्ञापालन र आदर गर्नु पर्ने,
(ख) विद्यालयमा वा वाहिर जहाँसुकै अनुशासनमा रहनु पर्ने,
(ग) राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानको निमित्त सँधै प्रयत्नशील रहनु पर्ने,
(घ) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रूपमा भाग लिनु पर्ने,
(ङ) सबैसँग शिष्ट व्यवहार गर्नु पर्ने,
(च) व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचारसंहिता पालना गर्नु पर्ने ।

## २. स्थानीय स्वायत शासन ऐन २०५५ वाट सङ्कलित शिक्षासँग सम्वन्धित सामग्रीहरू

शिक्षाको विकास सम्वन्धी स्थानीय निकायको काम, कर्तव्य र अधिकारहरू स्थानीय स्वायत शासन ऐन २०५५ मा उल्लेख गरिएको छ । यस ऐनमा जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति र नगरपालिका तथा गाउँ विकास समितिका वडा समितिहरूको काम, कर्तव्य र अधिकारका विषयमा उल्लेख गरिएको छ ।

### २.१.जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार

स्थानीय स्वायत शासन ऐन २०५५ को दफा १८९ को ज मा शिक्षा तथा खेलकुदसम्बन्धी देहायबमोजिम जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ :

(१) जिल्ला विकास क्षेत्रभित्र विद्यालय स्थापना गर्न प्राथमिकता तोकी सिफारिस गर्ने ।

(२) जिल्ला विकास क्षेत्रभित्रका विद्यालयहरूको स्वीकृति र खारेजीको लागि औचित्य र कारण खोली सिफारिस गर्ने ।

(३) जिल्ला विकास क्षेत्रभित्रका विद्यालयहरूको रेखदेख र अनुगमन गरी सञ्चालन र व्यवस्थापनमा सहयोग गर्ने ।

(४) जिल्लास्तरीय प्रौढ शिक्षा एवं अनौपचारिक शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्ने ।

(५) खेलकुद र शारीरिक विकाससम्बन्धी कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने ।

(६) जिल्लास्तरीय खेलकुद विकास समिति गठन गर्ने ।

### २.२. नगरपालिकाको काम, कर्तव्य र अधिकार

स्थानीय स्वायत शासन ऐन २०५५ को दफा ९६ को घ मा शिक्षा तथा खेलकुदसम्बन्धी देहायबमोजिम नगरपालिकको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ :

(१) आफ्नो स्रोतबाट नगरपालिका क्षेत्रमा पूर्वप्राथमिक विद्यालय स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने तथा स्थापना गर्न अनुमति दिने ।

(२) नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरूको सञ्चालन र व्यवस्थापनमा सहयोग पुऱ्याउने र त्यस्ता विद्यालयहरूको स्थापना र खारेजीको सिफारिस गर्ने ।

(३) नगरपालिका क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने ।

(४) आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पीडित जनजातिहरूका छात्रछात्राहरूलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने ।

(५) नगरपालिकास्तरीय प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षासम्बन्धी कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने,गराउने ।

(६) नगरपालिका क्षेत्रमा पुस्तकालय तथा वाचनालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

(७) खेलकुद विकास कार्यक्रमहरू बनाई कार्यान्वयन गर्ने,गराउने ।

(८) नगरपालिकास्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुदको विकास गर्ने, गराउने ।

## २.३ गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार

- स्थानीय स्वायत शासन ऐन २०५५ को दफा २८ को घ मा शिक्षा तथा खेलकुदसम्बन्धी देहायका बमोजिम गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ :

(१) आफ्नो स्रोतबाट पूर्वप्राथमिक विद्यालयहरू स्थापना गर्ने, स्थापना गर्न अनुमति दिने तथा सञ्चालन र व्यवस्थापन गर्ने ।

(२) गाउँ विकास क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरूको रेखदेख र व्यवस्थापन गर्ने,

(३) गाउँ विकास क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने,

(४) प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षासम्बन्धी कार्यक्रम बनाई सञ्चालन गर्ने, गराउने ।

(५) पुस्तकालयको स्थापना र सञ्चालन गर्ने, गराउने ।

(६) खेलकुदको विकाससम्बन्धी योजना बनाई कार्यान्वयन गर्ने र गाउँस्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुदको विकासमा सघाउ पुऱ्याउने ।

(७) आर्थिक दृष्टिले अत्यन्त पिछडिएको उत्पीडित जनजातिहरूका छात्रछात्राहरूलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने ।

- सोही ऐनको दफा २५ मा गाविस अर्न्तगतको वडा समितिको र दफा ९३ मा नगरपालिकाको वडा समितिको काम, कर्तव्य र अधिकार तोकिएको छ । यी वडा समितिको काम, कर्तव्य र अधिकारमा वडामा विद्यालय तथा पुस्तकालयको स्थापना र सञ्चालनमा सहयोग पुऱ्याउने भन्ने उल्लेख छ ।
- शिक्षा नियामवली २०५९ मा भएको व्यवस्था अनुरुप पूर्वप्राथमिक विद्यालय वा शिशु विकास केन्द्र खोल्ने अनुमतिको लागि शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा दुई महिना अगावै तोकिएको ढाँचामा सम्वन्धित गाउँ विकास समिति वा नगरपालिका समक्ष निवेदन दिनु पर्ने र यस्तो निवेदन पर्न आएमा सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा तोकिएको पूर्वाधार पूरा गरेको देखिएमा शैक्षिकसत्र सुरु हुनु भन्दा तीस दिनअगावै अनुमति दिनुपर्ने व्यवस्था गरिएको छ ।

➢ शिक्षा नियामवलीको दफा २२ घ मा भएको व्यवस्थाबमोजिम समुदायद्वारा सञ्चालित विद्यालयको व्यवस्थापन जिम्मा लिने स्थानीय निकाय वा संस्थाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विद्यालयको भौतिक पूर्वाधार विकास तथा सञ्चालन गर्न व्यवस्थापन समितिलाई आर्थिक सहायता उपलब्ध गराउने,

(ख) समय समयमा विद्यालयको निरीक्षण तथा अनुगमन गर्ने र त्यसरी निरीक्षण तथा अनुगमन गर्दा कुनै कमीकमजोरी देखिएमा सोको निराकरणको लागि व्यवस्थापन समितिलाई आवश्यक निर्देशन वा सुझाव दिने,

(ग) व्यवस्थापन समितिको सिफारिसमा आवश्यकतानुसार सामुदायिक शिक्षक बाहेकका अन्य शिक्षक तथा कर्मचारीको दरवन्दी स्वीकृति गर्ने,

(घ) आफूले जिम्मा लिएको विद्यालयहरूमा प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र अन्य तहमा विद्यार्थी सङ्ख्या र विषयका आधारमा शिक्षकको दरवन्दी मिलान गर्ने,

(ङ) आवधिक शैक्षिक कार्यक्रम तयार गरी लागू गर्ने,

(च) विद्यालयको सुधार गर्न आवश्यकता अनुसार विशेषज्ञ नियुक्ति गर्ने ।

(छ) विद्यालय सञ्चालन सम्बन्धमा मन्त्रालय, विभाग, निर्देशनालय वा जिल्ला शिक्षा कार्यालयले दिएको निर्देशन वा सुझाव पालन गर्ने, गराउने,

## ३. बालमैत्री विद्यालय स्वमूल्याङ्कन स्रोतपुस्तिका २०७० वाट उद्धृत सामग्रीहरू

### ३.१ बालमैत्री विद्यालय सम्वन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू

नेपालमा शिक्षाको पहुँच बढाउन र शिक्षालाई गुणस्तर बनाउन विभिन्न प्रयासहरू हुँदै आइरहेका छन् । यीमध्ये बालमैत्री विद्यालयको अवधारणा पनि एक हो । यस अवधारणाले विद्यालयको न्यूनतम र अपेक्षित मापदण्डहरू के के हुन् र विद्यालय विकासमा क-कसले कस्तो भूमिका खेल्ने भन्ने कुरा उल्लेख गरिएको छ । यस्ता कार्यहरूबाट अभिभावकहरू बालबालिकाको पढाइप्रति चासो राख्ने, समुदायले विद्यालय विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने र विद्यालयले दिनानुदिन आफ्नो स्तर बढाउँदै लाने कुराको आशा गरिएको छ । शिक्षा विभागद्वारा २०७० मा प्रकाशित बालमैत्री विद्यालय स्वमूल्याङ्कन स्रोतपुस्तिकामा बालमैत्री विद्यालय हुनका लागि निम्न ९ क्षेत्र र त्यस अर्न्तगत निम्नानुसारका सूचकहरू सिफारिस गरिएका छन् ।

| क्र.स. | सूचकहरू | बालमैत्री विद्यालयको अवधारणा अनुसार हुनुपर्ने | |
|---|---|---|---|
| | | न्यूनतम मापदण्ड | अपेक्षित मापदण्ड |
| **१. प्रभावकारिता सम्वन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू** | | | |
| १ | कक्षागत औसत उपलब्धि | ५०% | १००% |
| २ | विषयगत औसत उपलब्धि | ५०% | १००% |
| | नेपाली | | |
| | अङ्ग्रेजी | | |
| | सामाजिक | | |

| क्र.स. | सूचकहरू | बालमैत्री विद्यालयको अवधारणा अनुसार हुनुपर्ने | |
|---|---|---|---|
| | | न्यूनतम मापदण्ड | अपेक्षित मापदण्ड |
| | गणित | | |
| ३ | विद्यालय छाड्ने दर | १०% | ०% |
| ४ | तह पार गर्ने दर | ९०% | १००% |
| ५ | कक्षा दोहोऱ्याउने दर | ५% | ०% |
| ६ | कुल विद्यार्थीमा कम र बढी उमेर समूहका विद्यार्थीको दर | १०% | ०% |
| ७ | प्रवर्तनात्मक शिक्षण विधिको प्रयोग | बहुविधिको प्रयोग भएको | शिक्षकहरूले शिक्षण विधि सम्बन्धी तालिम प्राप्त गरेको, सहभागितात्मक विधिको प्रयोग गरेको र प्रयुक्त विधिको अनुगमन गरेको |
| ८ | शिक्षक उपस्थिति | विद्यालय खुलेको दिन मध्ये ९२% | १००% |
| ९ | विद्यार्थी उपस्थिति | कुल २१० दिन प्रति वर्ष | कूल २२० दिन प्रति वर्ष |
| १० | विद्यालय निरीक्षण | सम्बन्धित निरीक्षकबाट हरेक शिक्षकको वर्षको कम्तीमा २ पटक कक्षा अवलोकन, पुनर्वलन गरेको | सम्बन्धित निरीक्षकबाट हरेक शिक्षकको वर्षको कम्तीमा २ पटक निरीक्षण भएको, २ पटक प्रधानाध्यापकबाट भएको, २ पटक समकक्षीबाट कक्षा अवलोन भई पृष्ठपोषण आदान-प्रदान भएको |
| ११ | शिक्षक मूल्याङ्कन | हरेक वर्ष शिक्षकहरूको कक्षागत वा विषयगत उपलब्धिका आधारमा मूल्याङ्कन गरिएको र सोको विवरण प्रकाशन गरेको | हरेक वर्ष शिक्षकहरूको कक्षागत वा विषयगत उपलब्धिका आधारमा मूल्याङ्न गरिएको र सोको आधारमा पुरस्कार तथा पृष्ठपोषणको व्यवस्था भएको |
| १२ | निरन्तर विद्यार्थी मूल्याङ्कन | आधारभूत तहका क्रमशः कक्षा ७ सम्म कार्यान्वयन भएको | आधारभूत तहको कक्षा ७ सम्ममा विद्यार्थीहरूको व्यक्तिगत अभिलेख सहितको व्यवस्था भई औपचारिक परीक्षा प्रणालीको अन्त्य भएको |
| **२. समावेशीकरण सम्वन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू** | | | |
| १३ | जातजाति, धर्म, संस्कृति तथा आर्थिक रूपमा कमजोर बालबालिकाको विद्यालयमा पहुँच | १००% | १००% |
| १४ | विद्यालय गतिविधिमा सबै सरोकारवालाहरूको सहभागिता | भौगोलिक, सामाजिक, आर्थिक, आदि सबै किसिमले पिछडिएका वर्गहरूको विद्यालय योजना निर्माण देखि अन्य गतिविधिमा सहभागिता भएको | भौगोलिक, सामाजिक, आर्थिक, आदि सबै किसिमले पिछडिएका वर्गहरूको दीर्घकालीन तथा अल्पकालीन विद्यालय योजना निर्माण देखि विद्यालय अनुगमन, मूल्याङ्कन तथा व्यवस्थापकीय गतिविधिमा सहभागिता भएको |

| क्र.स. | सूचकहरू | बालमैत्री विद्यालयको अवधारणा अनुसार हुनुपर्ने | |
|---|---|---|---|
| | | न्यूनतम मापदण्ड | अपेक्षित मापदण्ड |
| १५ | वातावरण | संबै बालबालिकाका लागि भेदभावरहित सिकाइको वातावरण, क्षमताका आधारमा शिक्षण सिकाइ वातावरण, बालबालिकाको गतिअनुसारको सिकाइ वातावरण र बालबालिकाहरूको व्यक्तिगत कठिनाई लाई मध्यनजर गर्दै शिक्षण सिकाइ गरेको | सबै बालबालिकाका लागि भेदभावरहित सिकाइको वातावरण, क्षमताका आधारमा शिक्षण सिकाइ वातावरण, बालबालिकाको गति अनुसारको सिकाइ वातावरण र बालबालिकाहरूको व्यक्तिगत कठिनाइ पत्ता लगाई व्यक्तिगत विभिन्नताका आधारमा उपचारात्मक उपायसहितको शिक्षण सिकाइको सुनिश्चितता भएको |
| १६ | अतिरिक्त क्रियाकलापमा समावेशीकरणको अवस्था | विविधतापूर्ण विशेषता भएका बालबालिकाको सहभागिताको सुनिश्चितता भएको | विद्यालयद्वारा आयोजित अतिरिक्त क्रियाकलापमा समावेशीकरण भए नभएको अनुगमन तथा मूल्याङ्कन गरेको |
| **३. शिक्षामा लैङ्गिक पक्ष सम्वन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू** | | | |
| १७ | छात्रवृत्ति | वर्तमान नियम कानुनअनुसार वितरण गरेको | तात्कालीन नियम कानुन र आवश्यकता अनुसार छात्रवृत्तिको व्यवस्था गरेको |
| १८ | छात्र र छात्राको सहभागिता | छात्रको तुलनामा ९७% छात्रा भएको | छात्र र छात्राको समान सहभागिता भएको |
| १९ | महिला शिक्षक व्यवस्थापन | महिला शिक्षक नियुक्ति सम्बन्धी नीतिको पूर्ण कार्यान्वयन भएको | विद्यालयहरूमा कम्तीमा ५०% महिला शिक्षक भएको |
| २० | विद्यालय व्यवस्थापनमा महिलाको सहभागिता वढाउन | व्यवस्थापन समितिमा कम्तीमा १ जना महिला सदस्य भएको | विद्यालय सम्बद्ध सवै समितिहरूमा ५०% महिलाहरू सहभागी भएको |
| २१ | लैङ्गिक पक्षमा विशेष जोड दिन | सबै खालका शैक्षिक गतिविधिमा लैङ्गिक पक्षलाई विशेष जोड दिएको | शैक्षिक गतिविधिका हरेक क्रियाकलापमा लैङ्गिक पक्ष अभिन्न अङ्गको रूपमा स्थापित भएको |
| **४. समुदायको सहभागिता सम्वन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू** | | | |
| २२ | बालबालिकाको सहभागिता | बालक्लबको गठन भएको नियमित वैठक र कार्ययोजना निर्माण भएको | बालक्लब गठन भएको र सो क्लबले सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा समीक्षा गरी सबैजसो निर्णयहरूमा बालबालिकाको सहभागिता भएको र उनीहरूको सुझावलाई प्राथमिकता दिएको |
| २३ | | विद्यालय सुधार योजना निर्माणमा बालबालिकाको सहभागिता भएको | विद्यालय सुधार योजना निर्माणमा बालबालिकाहरूद्वारा प्रेषित सुझावहरूको पूर्ण कार्यान्वयन भएको |
| २४ | | बालबालिकासँग सम्बन्धित आन्तरिक नियम बनाउँदा बालबालिकाहरूको सहभागिता भएको | बालबालिकासँग सम्बन्धित आन्तरिक नियम बनाउँदा बालबालिकाहरूको सहभागिता भएको र नियमको कार्यान्वयनमा लेखाजोखा भएको |
| २५ | परिवारको सहभागिता | अभिभावक शिक्षक सङ्घको गठन भएको र ३ महिनामा १ पटक वैठक बस्ने गरेको | अभिभावक शिक्षक सङ्घद्वारा विद्यालयको गुणस्तर सुधार सम्बन्धी कार्यक्रमहरू गरेको । अभिभावक शिक्षक |

| क्र.स. | सूचकहरू | बालमैत्री विद्यालयको अवधारणा अनुसार हुनुपर्ने | |
|---|---|---|---|
| | | न्यूनतम मापदण्ड | अपेक्षित मापदण्ड |
| | | | सङ्घको २ महिनामा १ पटक बैठक बस्ने गरेको |
| २६ | | विद्यालय सुधार योजना निर्माणमा अभिभावकको सहभागिता भएको | विद्यालय सुधार योजनामा समावेश भएका अभिभावकहरूको सुझावको कार्यान्वयन भएको |
| २७ | | | अभिभावक भेला वर्षको २ वा सो भन्दा बढीबस्ने गरेको |
| २८ | | अभिभावक विद्यालयमा बालबालिकाको प्रगति बुझ्न आउने गरेको | सक्रिय र जिम्मेवार अभिभावकलाई पुरस्कृत गर्ने गरेको र हरेक अभिभावक विद्यालयमा बालबालिकाको प्रगति बुझ्न आउने गरेको |
| २९ | समुदायको सहभागिता | वर्षको १ पटक सामुदायिक भेला गरेको | आवश्यकतानुसार वर्षमा २ पटक भन्दा बढी सामुदायिक भेला गरेको र भेलाका निर्णयहरू कार्यान्वयन गरेको । |
| ३० | | | विद्यालयको नीति निर्माण, कार्यान्वयन र अनुगमनमा समुदायका सदस्यहरू पूर्ण सक्रिय भएको |
| **५. स्वास्थ्य, सुरक्षा र बचावट सम्वन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू** | | | |
| ३१ | स्वास्थ्य परीक्षण | वर्षको १ पटक विद्यालयमा तालिम प्राप्त स्वास्थ्यकर्मीबाट बालबालिकाको स्वास्थ्य परीक्षण गर्ने गरेको | |
| ३२ | | प्राथमिक उपचार बाकस उपलब्ध भएको र सो बाकसभित्र प्राथमिक उपचार, जुकाको औषधि, र सुईको व्यवस्था भएको | |
| ३३ | | धूमपान, मद्यपान, लागूपदार्थ निषेधका लागि आचारसंहिता निर्माण भएको | |
| ३४ | | विद्यालय सरसफाई गर्न कोही न कोही जिम्मेवार भएको | |
| ३५ | | बालबालिका सफासुग्घर भएर आएको/नआएको हेर्ने गरेको | |
| ३६ | सुरक्षा अनुभूति | विद्यालय हातामा पानी नजम्ने बन्दोवस्त मिलाएको | |
| ३७ | | बालबालिकाले पोषिलो खाजा ल्याएनल्याएको जाँच गर्ने गरेको | |
| ३८ | | फोहोर बटुल्ने निश्चित ठाँउ वा फोहोर फाल्ने भाँडोको व्यवस्था भएको | |
| ३९ | | विद्यालयमा भौतिक, शारीरिक दण्ड/सजाय निषेध गरिएको | |
| ४० | बचावटको अनुभूति | विद्यालय हाताभित्र खाल्डाखुल्डी | |

| क्र.स. | सूचकहरू | बालमैत्री विद्यालयको अवधारणा अनुसार हुनुपर्ने | |
|---|---|---|---|
| | | न्यूनतम मापदण्ड | अपेक्षित मापदण्ड |
| | | नरहेको र विद्यालय हातालाई केही न केहीले घेराबार गरेको | |
| ४१ | | हावा, पानीबाट बच्न विद्यालयका कक्षाकोठामा ढोका र झ्यालको व्यवस्था भएको | |
| ४२ | | भूकम्प आउँदा कसरी बच्न सकिन्छ भन्ने कुराको जानकारी बालबालिकाहरूलाई दिएको | |
| ४३ | | सामुदायिक नक्साङ्कन बारे बालबालिकालाई जानकारी दिइएको | |
| **६. भौतिक अवस्थासम्वन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू** | | | |
| ४४ | | भूकम्प निरोधक भवन भएको | भूकम्प निरोधक रङ्गरोगनसहितको पक्की भवन भएको |
| ४५ | | घामपानी छेक्ने छाना भएको | चिसो, तातो, पानी र आबाज प्रुफ सिलिङ्ग छाना भएको |
| ४६ | भवन तथा कक्षाकोठा | प्लास्टर गरिएको वा राम्रोसँग लिपिएको भित्ता भएको | प्लास्टर र रङ्गरोगन गरिएको भित्ता भएको |
| ४७ | | लेख्न र पढ्न वाधा नपुग्ने खालको पर्याप्त उज्यालो भएका कोठाहरू भएको | पर्याप्त हावा खेल्ने तथा प्रकाश आउने झ्याल र सुरक्षाको लागि ग्रिल वा डण्डी लगाएको |
| ४८ | | | विद्यार्थीको पहुँचमा भएको, सुरक्षित झयालढोका जुन बन्द गर्न र खोल्न मिल्ने भएको |
| ४९ | खेल मैदान | विद्यालयको हातामा चाकाचुली, पीङ, चिप्लेटीहरू राख्न सक्ने मैदान भएको | विद्यालयको हातामा चाकाचुली, पीङ, चिप्लेटी जस्ता सामग्रीको व्यवस्था भएको । |
| ५० | | कक्षा १ देखि ३ का बालबालिकाहरूलाई भुइँमा राखी शिक्षण गर्न गुन्द्री, चकटीको व्यवस्था भएको | कक्षा १ देखि ३ का बालबालिकाहरूलाई कार्पेट, चकटी आदिको व्यवस्था भएको |
| ५१ | | विद्यार्थीको उमेरअनुसार प्रति ४ विद्यार्थीका लागि उपयुक्त उचाईको डेस्क बेन्चको व्यवस्था भएको | प्रत्येक विद्यार्थीका लागि १ सेट उपयुक्त कुर्सी टेवुलसहित विविध किसिमको बसाइ व्यवस्था गर्न मिल्ने हलुका खालको डेस्क-बेञ्च |
| ५२ | फर्निचर | शिक्षकका लागि कुर्सी टेवल भएको | शिक्षकका लागि ड्रयर समेतको एक सेट कुर्सी टेवल भएको |
| ५३ | | बुककर्नरका लागि १ उपयुक्त साइजको च्याकको व्यवस्था (कक्षाको आकार हेरी) | बुककर्नर सहित कक्षा १ देखि ३ सम्म विषयगत सिकाइ कुनाको व्यवस्था |
| ५४ | | एक डिस्प्लेबोर्डको व्यवस्था | ४ वटासम्म डिस्प्ले बोर्डको व्यवस्था |
| ५५ | | विद्यार्थीहरूको सरसामान सहित उनीहरूको अभिलेख राख्ने एउटा दराज भएको | प्रत्येक विद्यार्थीको नाम अङ्कित भएको पिजनहोल भएको |
| ५६ | पुस्तकालय | विद्यालयको एक कोठामा पाठ्यक्रम, पाठ्यपुस्तक, | विषयगत हिसाबले सान्दर्भिक पुस्तकहरूको अभिलेखीकरण र वितरण |

| क्र.स. | सूचकहरू | बालमैत्री विद्यालयको अवधारणा अनुसार हुनुपर्ने | |
|---|---|---|---|
| | | न्यूनतम मापदण्ड | अपेक्षित मापदण्ड |
| | | सन्दर्भसामग्री राखिएको पुस्तकालय भएको | प्रणालीसहितको पुस्तकालय भएको |
| ५७ | | पुस्तकका लागि ५०० सम्म पुस्तक अट्ने पारदर्शी र्‍याक भएको | १५०० वा सो भन्दा बढी विषयगत पुस्तकका लागि छुट्टाछुट्टै पारदर्शी र लक गर्न मिल्ने र्‍याक भएको |
| ५८ | प्रयोगशाला | विद्यालयको एउटा कोठामा विषयगत प्रयोग सामग्रीहरू सहितको एकपटकमा २५ जना सम्मले प्रयोगात्मक कार्य गर्न सक्ने व्यवस्था भएको | प्रयोगशालाका लागि छुट्टै भवन भएको |
| ५९ | | | विषयगत सामग्री सहितको एकपटकमा ५० जना सम्मले प्रयोगात्मक कार्य गर्नसक्ने गरी व्यवस्था भएको |
| ६० | शौचालय | छात्र तथा छात्राको लागि छुट्टाछुट्टै शौचालय भएको | छात्र तथा छात्राको लागि छुट्टाछुट्टै शौचालय भएको |
| ६१ | | प्रति ५० विद्यार्थीका लागि एक सेट शौचालय भएको | प्रति २० विद्यार्थीका लागि एक सेट शौचालय भएको |
| ६२ | | दिसापिसाव गर्न छुट्टाछुट्टै व्यवस्था भएको र पानीको व्यवस्था भएको | दिसापिसाव गर्न पानीको व्यवस्थासहितको छुट्टाछुट्टै शौचालय भएको |
| ६३ | | निरन्तर सफाइको व्यवस्था भएको | निरन्तर स्वस्थ्य हुने निश्चिततासहितको सफाइको व्यवस्था |
| ६४ | | झ्यालढोकासहितको चुकुल लगाउन र खोल्न सकिने शौचालय भएको | झ्यालढोकासहितको चुकुल सजिलो सित लाउन र खोल्न सकिने शौचालय भएको |
| ६५ | खानेपानी | विद्यालय हाताभित्र पिउन योग्य पानी भएको | विद्यालयको हरेक कक्षाकोठामा फिल्टरसहित पिउने पानीको भएको |
| ६६ | कार्यालय | कार्यालय प्रयोजनका लागि छुट्टै कोठाको व्यवस्था भएको | प्रधानाध्यापक, शिक्षक स्टाफ र प्रशासनिक प्रयोजनका लागि फर्निचरसहितको छुट्टाछुट्टै कोठा भएको |
| ६७ | विद्यालयसम्म आइपुग्ने बाटो | अपाङ्गहरूसहित सजिलै विद्यालयमा आउन सक्ने गरी बाटो बनाइएको | हिलो, धुलो नभएको बाटोको व्यवस्था भएको |
| ६८ | साइनबोर्ड | विद्यालयको नाम झल्किने कुनै न कुनै आकारको साइनबोर्डको व्यवस्था भएको | विद्यालयलाई समुदायमा पनि चिनिने गरी ठाउँ ठाउँमा विद्यालय जाने बाटो सङ्केत गरिएको चिन्हहरू र सबैले देख्ने ठाउँमा साइनबोर्ड राखिएको |
| **७. शिक्षण सिकाइ अन्तर्गत न्यूनतम र अपेक्षित मापदण्डहरू** | | | |
| ६९ | योजना निर्माण | वार्षिक कार्ययोजना निर्माण भै यसैका आधारमा विद्यालय गतिविधि सञ्चालन भएको | वार्षिक कार्ययोजनाका हरेक गतिविधिको प्रभावकारी कार्यान्वयन, आवधिक समीक्षा, निरन्तर अनुगमन र मूल्याङ्कन एवम् शिक्षण सिकाइ क्रियाकलापलाई योजनाको केन्द्रमा राखेको |
| ७० | शिक्षकको शैक्षिक योजना | प्रत्येक शिक्षकले आफ्नो विषयको वार्षिक शैक्षिक योजना बनाएको | बनाएको कार्ययोजनाको कार्यान्वयन गरेको, निरन्तर मूल्याङ्कन र समीक्षासमेत गरेको । |

| क्र.स. | सूचकहरू | बालमैत्री विद्यालयको अवधारणा अनुसार हुनुपर्ने | |
|---|---|---|---|
| | | न्यूनतम मापदण्ड | अपेक्षित मापदण्ड |
| ७१ | पाठ्यपुस्तक | शैक्षिक शत्रको सुरुमै हरेक विषयको पाठ्यपुस्तक विद्यार्थीहरूले पाएको | हरेक विषयको पाठ्यपुस्तक लगायत स्थानीय तवरमा बनेका अन्य पाठ्यसामग्रीहरू पाएको |
| ७२ | शैक्षिक सामग्री | मूल्य नपर्ने र कम मूल्य पर्ने शिक्षक तथा विद्यार्थी निर्मित वा सङ्कलित सामग्रीहरू हरेक कक्षामा व्यवस्था तथा प्रयोग भएको | कक्षाकोठामा आधारभूत शैक्षिक सामग्रीका अतिरिक्त विद्युतीय सामग्रीको समेत उपलब्धता तथा प्रयोग गरिएको |
| ७३ | | कक्षाकोठाका भित्ताहरूमा पाठ्यक्रमसँग सम्बन्धित सामग्रीहरू प्रदर्शन गरिएको | |
| ७४ | सन्दर्भसामग्री | शिक्षकका लागि पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका आदि सामग्रीको व्यवस्था भएको | शिक्षकका लागि पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षकनिर्देशिका, विशिष्टीकरण तालिका र विद्यार्थीका लागि सहयोगी सामग्रीको व्यवस्था भई निरन्तर प्रयोग भएको । |
| ७५ | समुदायको सहभागिता | शिक्षणसिकाइमा समुदायको रेखदेख र सहयोग हुने गरेको | समुदायका व्यक्तिहरूको ज्ञान, सीप, क्षमता अनुसार सिकाइमा निरन्तर सहयोग हुने गरेको र सोको लेखाजोखा हुने गरेको |
| ७६ | | अभिभावकले बालबालिकाको विद्यालयमा हुने पठनपाठनमा निरन्तर रूपमा चासो देखाउने गरेको | विद्यालय पठनपाठनको अभिन्न अङ्गको रूपमा शिक्षक अभिभावक भेटघाटका कार्यलाई योजनावद्ध गर्ने गरेको |
| ७७ | अतिरिक्त क्रियाकलाप | विद्यार्थीको चौतर्फी विकासको लागि महिनाको १ पटक अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गरेको | विद्यार्थीको चौतर्फी विकासका लागि हप्ताको एकपटक अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गरेको |
| ७८ | | | शिक्षणसिकाइ अतिरिक्त क्रियाकलापको लागि कुनै एक शिक्षकलाई संयोजकको रूपमा समेत तोकिएको |
| ७९ | अन्तरक्रिया एवम् आपसी सहयोग | शिक्षकहरूबीच महिनाको एकपटक छलफल र अन्तरक्रिया हुने गरेको | शिक्षकहरूबीच हप्ताको एक पटक सम्बन्धित विषयहरूमा छलफल र अन्तरक्रिया तथा एकअर्काको कक्षाको अवलोकन पनि गर्ने गरेको |
| ८० | शिक्षक तालिमको प्रयोग | शिक्षकले तालिमबाट सिकेका कुराहरूलाई कक्षाकोठामा प्रयोग गरेको । | शिक्षकले तालिमबाट सिकेका कुराहरूलाई कक्षाकोठामा प्रयोग गरेको र प्रधानाध्यापक तथा सम्बन्धित निरीक्षकबाट नियमित अनुगमन भएको |
| ८१ | अनुगमन तथा मूल्याङ्कन | समग्र शैक्षिक व्यवस्थापनको अनुगमन तथा मूल्याङ्कन विद्यालय व्यवस्थापन समितिबाट हुने गरेको | अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई विद्यालय व्यवस्थापनको अभिन्न अङ्गको रूपमा अवलम्बन गर्न विद्यालय व्यवस्थापन समितिका हरेक पदाधिकारी, अभिभावक शिक्षक सङ्घका पदाधिकारीहरू, प्रधानाध्यापक तथा शिक्षकहरूको स्पष्ट जिम्मेवारी किटान गरी अनुगमन मूल्याङ्कनलाई वैज्ञानिक |

| क.स. | सूचकहरू | बालमैत्री विद्यालयको अवधारणा अनुसार हुनुपर्ने | |
|---|---|---|---|
| | | न्यूनतम मापदण्ड | अपेक्षित मापदण्ड |
| | | | रूपमा कार्यान्वयन गर्ने गरेको |
| **८. मातृभाषा शिक्षण सिकाइसम्वन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू** | | | |
| ८२ | आवश्यकताको पहिचान | आफ्नो सेवाक्षेत्रका विद्यालय उमेर समूहका जातिगत विद्यार्थीहरूको लगत राखेको | जन्म, मृत्यु, वसाइसराईको आधारमा विवरण अद्यावधिक गरेको |
| ८३ | शिक्षकको तयारी | कम्तीमा प्रा.वि.तहका शिक्षक (१ देखि ३ कक्षा) लाई सम्वन्धित मातृभाषाको तालिम दिएको | आवश्यक सङ्ख्यामा मातृभाषाका शिक्षकहरू तयार पारेको |
| ८४ | बहुभाषिक शिक्षण | सवै शिक्षकहरूले बहुभाषिक तालिम प्राप्त गरेको | सवै शिक्षकहरूले बहुभाषिक पुनर्ताजगी तालिम प्राप्त गरेको तथा आवश्यकता अनुसार प्रयोग गरेको । |
| ८५ | मातृभाषासँग सम्बन्धित अतिरिक्त क्रियाकलाप | हरेक महिनामा १।१ वटा क्रियाकलाप सञ्चालन भएको | साप्ताहिक रूपमा १।१ वटा क्रियाकलाप सञ्चालन भएको |
| **९. विद्यालय व्यवस्थापनसम्वन्धी न्यूनतम र अपेक्षित मापदण्डहरू** | | | |
| ८६ | समावेशीकरण | विद्यालय व्यवस्थापन समितिका सदस्यहरू लैङ्गिक र सामाजिक बनोट अनुसार समावेश भएको | विद्यालय व्यवस्थापन समितिको बैठकबाट हुने निर्णय प्रक्रियामा सदस्यहरूको सक्रिय सहभागिता सुनिश्चित भएको |
| ८७ | गठन | अभिभावकहरूको सहभागितामा निर्वाचन वा सहमतीय प्रणालीबाट गठन भई विद्यालयको उत्थानमा योगदान गर्न सक्ने सर्वसम्मत विव्यसको गठन भएको | समितिको गठन पछि यसका कार्य र निर्णयहरू विवादरहित भएको |
| ८८<br>८९ | बैठक | हरेक २ महिनामा वैठक हुने गरेको र<br>बैठकमा बहुमत सदस्यहरू उपस्थित भएको | महिनाको एकपटक वैठक हुने गरेको र बैठकमा १००% सदस्यहरू उपस्थित भएको |
| ९० | एजेन्डा | बैठकका एजेन्डाहरू भौतिक र मानवीय व्यवस्थापनका अतिरिक्त शैक्षिक उन्नयनका मुद्दाहरूमा बढी केन्द्रित हुने गरेको | वबठकको २ दिन अगावै एजेन्डा अध्ययनका लागि सदस्यहरू समक्ष पठाइने गरेको |
| ९१ | | | विद्यार्थीहरूको बालमैत्री वातावरणमा सिक्ने अवस्थालाई सुनिश्चित गर्ने विषयलाई केन्द्र मानी एजेन्डा प्रस्तुत, छलफल र निर्णय हुने गरेको |
| ९२ | उत्तरदायित्व | विद्यालय व्यवस्थापन समितिका पदाधिकारी आफ्नो कामकर्तव्यप्रति सचेत रही विद्यालयको कार्यकुशलताका सम्बन्धमा अभिभावकप्रति उत्तरदायी रहेको | विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन र अनुगमनमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको सहभागिता र आफ्नो उत्तरदायित्व प्रत्यक्ष रूपमा नै व्यवहारमा उतारेको |

| क्र.स. | सूचकहरू | बालमैत्री विद्यालयको अवधारणा अनुसार हुनुपर्ने | |
|---|---|---|---|
| | | न्यूनतम मापदण्ड | अपेक्षित मापदण्ड |
| ९३ | शिक्षक नियुक्ति | विद्यालयको आवश्यकताको आधारमा पद निर्धारण गरिएको | पूर्व योजनाअनुसार विद्यालयको आवश्यकताको आधारमा पद निर्धारण गरिएको |
| ९४ | | विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार पारदर्शी ढङ्गबाट विज्ञापन गरिएको | विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार पारदर्शी विज्ञापन गरिएको र सो विज्ञापन स्थानीय पत्रपत्रिकामा प्रकाशन भएको |
| ९५ | | आधारभूत योग्यता पुगेका व्यक्तिहरूमध्ये स्वस्थ प्रतिस्पर्धा गराई योग्य व्यक्तिको छनौट भएको | माथिल्लो योग्यता भएका र तालिम प्राप्तलाई प्राथमिकता दिदै प्रतिस्पर्धाको आधारमा योग्य व्यक्तिको छनौट भएको |
| ९६ | | भर्ना प्रक्रियामा समावेशीकरणलाई मध्यनजर गरेको | भर्ना प्रक्रियामा समावेशीकरणको मान्यतालाई कार्यान्वयन गरेको |
| ९७ | आर्थिक व्यवस्थापन | बहुस्रोत (स्थानीय, निजी, सरकारी/गैरसरकारी) परिचालन प्रणाली अवलम्बन गरेको | खर्च प्रणालीलाई योजनाबद्ध गरेको र सरोकारवालाहरूमाझ आय व्ययको योजना तथा कार्यान्वयन समेत पारदर्शी गरेको |
| ९८ | | विद्यालयले गर्ने कुनै पनि खर्चलाई विद्यार्थीको आवश्यकता र सिकाइसँग तादात्म्य गर्ने तथा खर्च गर्दा सान्दर्भिकता, प्रभावकारिता, दक्षता र उपयोगितालाई ध्यान दिने गरेको । | |
| ९९ | आचारसंहिता | पूर्ण सहभागितात्मक रूपमा शिक्षक, विद्यार्थी, तथा अभिभावकहरूको आचारसंहिता निर्माण गरी कार्यान्वयन गरेको र यसको प्रभावकारी अनुगमन गरेको | आचारसंहिता परिपालनका आधारमा पुरस्कार र पृष्ठपोषणको व्यवस्थासमेत गरेको । |

## ३.२ विद्यालयको न्यूनतम सक्षमताको अवस्था (Minimum Enabling Condition-MEC)

शिक्षा विभागले देशमा सञ्चालन भएका सबै विद्यालयमा न्यूनतम सक्षमताको अवस्था देहायअनुसार हुनै पर्ने गरी निर्णय गरेको छ ।

| क्र.स. | क्षेत्र | सूचक |
|---|---|---|
| १ | विद्यालय भवन | • भौगोलिक अवस्थाअनुसार निर्माण भएको,<br>• स्थानीय श्रोतसामग्रीको प्रयोग गरी पढाउने,<br>• वातावरणमैत्री विद्यालय भवन<br>• जम्मा कोठाको उचाइ ९ फीट भएको,<br>• घामपानीले प्रभाव नपार्ने खालको । |
| २ | कक्षा कोठा | • विद्यार्थीका लागि पर्याप्त ठाँउ पुग्ने र प्रशस्त प्रकाश र हावा खेल्ने खालको । |
| ३ | खेलमैदान र खेल सामग्री | • कम्तीमा पनि भलिबल कोट भएको खेलमैदान तथा पर्याप्त खेलसामग्री भएको । |
| ४ | फर्निचर | • विद्यार्थीको उमेरअनुसारको पुग्ने ठाउँ र सुरक्षित फर्निचर ।<br>• चिसो र तातोबाट सुरक्षित खालको र समूहमा काम गर्न मिल्ने गरी गरिएको कार्पेट वा अन्य फर्निसिङ गरिएको । |
| ५ | पुस्तकालय/बुक कर्नर | • कक्षा १ देखि ३ का लागि कम्तीमा ५००, १ देखि ५ का लागि १००० र १ देखि ८ सञ्चालित विद्यालयमा २००० पुस्तक रहने गरी छुट्टै कोठाको व्यवस्था ।<br>• प्रत्येक कक्षामा सन्दर्भसामग्रीसहितको बुक कर्नर । |
| ६ | शौचालय | • पानी र साबुनसहितको छात्रा र छात्रका लागि छुट्टाछुट्टै शौचालय ।<br>• ५० विद्यार्थी सङ्ख्याका लागि कम्तीमा एक शौचालय । |
| ७ | पिउनेपानी | • विद्यालय हाताभित्र शुद्ध पिउनेपानीको व्यवस्था |
| ८ | दिवा खाजा | • विद्यार्थीहरूका लागि स्वस्थ्य र ताजा दिवाखाजाको व्यवस्था । |
| ९ | विद्यालय घेरावार | • सुरक्षित र सबै विद्यार्थी जम्मा हुन मिल्ने गरी घेरावार भएको । |
| १० | प्राथमिक उपचार | • प्राथमिक उपचारका लागि न्यूनतम औषधि तथा उपकारणसहितको बाकस । |
| ११ | प्रयोगशाला | • पाठ्यक्रममा आधारित न्यूनतम प्रयोगात्मक सामग्री विद्यालयमा । |
| १२ | पाठ्यक्रम, पाठ्यपुस्तक र | • विद्यालयमा शैक्षिकसत्र सुरु भएको दुई हप्ताभित्र |

| क्र.स. | क्षेत्र | सूचक |
|---|---|---|
| | शैक्षिक सामग्री | निःशुल्क पाठ्यपुस्तक सबै विद्यार्थीलाई उपलब्ध भएको ।<br>● पाठ्पुस्तक तथा शिक्षक निर्देशिका सेट भएको ।<br>● शिक्षकका लागि अत्यावश्यक शैक्षिकसामग्री जस्तैः कालो, सेतो पाटी, नक्सा, ग्लोब, गणितका सामग्री तथा विषयगत छुट्टै शैक्षिकसामग्री । |
| १३ | विद्यालय योजना | ● विद्यालयको योजना दूरदृष्टि तथा लक्ष्यसहितको योजना निर्माण ।<br>● परिमार्जित विद्यालय सुधार योजना ।<br>● वार्षिक कार्ययोजना<br>● पाठ्यक्रममा आधारित दैनिक कार्यतालिका । |
| १४ | वि.व्य.स. र शि.अ.स. | ● वि.व्य.स. र शि.अ.स. को गठन भएको ।<br>● मुख्य विषयका मुद्दाहरूमा बैठक गर्ने गरेको । |
| १५ | प्रधानाध्यापक | ● आवाश्यकतानुसारको शैक्षिक योग्यता भएको<br>● विद्यालय सुधारको प्रस्ताव पेस गरेको प्रधानाध्यापक भएको । |
| १६ | शिक्षक | ● विद्यार्थी सङ्ख्या, विषय, तहगत तालिम र शैक्षिक योग्यता प्राप्त शिक्षकको उपलब्धता । |
| १७ | विद्यार्थी | ● कम्तीमा ८०% उपस्थिति न्यूनतम विद्यार्थी सङ्ख्या भएको । |
| १८ | समुदाय/अभिभावक सहभागिता | ● वि.व्य.स.मा समुदाय तथा अभिभावकको संलग्नता,<br>● सामाजिक परीक्षण तथा विद्यालयको परीक्षण एवं विद्यालयको फाइदाका लागि अभिभावक उपस्थित हुने गरेको । |
| १९ | शिक्षण सिकाइ क्रियाकलाप | ● बालमैत्री शिक्षण सिकाइका लागि कम्तीमा तीन किसिमका शिक्षण विधिको प्रयोग भएको जस्तै : प्रर्दशन, सामूहिक कार्य तथा परियोजना कार्य ।<br>● निरन्तर विद्यार्थी मूल्याङकन तथा<br>● आवश्यकतानुसार विद्यार्थीमैत्री बहुभाषिक वा मातृभाषामा शिक्षा प्रदान । |
| २० | विद्यालय वातावरण | ● स्वागतयोग्य र आकर्षक विद्यालय वातावरण<br>● भयरहित तथा दण्डरहित वातावरण । |
| २१ | सह–कार्यकलाप | ● पाठ्यक्रममा आधारित सह–कार्यकलाप<br>● रुचिअनुसार तहअनुसारको सह–कार्यकलाप |
| २२ | कार्यका लागि शिक्षकको समय | ● विद्यालयमा वर्षमा १००० घण्टा शिक्षण–सिकाइ र ५०० घण्टा अन्य क्रियाकलापमा समय व्यतित गर्ने । |

| क.स. | क्षेत्र | सूचक |
|---|---|---|
| २३ | विद्यालयको आम्दानी | • विद्यालयको स्थायी आम्दानी तथा स्थानीय आम्दानीको व्यवस्था । |
| २४ | विद्यालय अभिलेख | • सुरक्षित र अद्यावधिक अभिलेख व्यवस्था,<br>• शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स., शि.अ.सं. उपलब्धि<br>• आर्थिक कारोबार । |
| २५ | अनुगमन | • लेखाव्यवस्थापन र लेखापरीक्षण, अभिलेख योजना तथा कार्यक्रम, अनुगमनको अभिलेख र सुधारको कार्यको रुजुसूची । |

## ४. विद्यालयहरूको सामाजिक परीक्षण (Social Audit) गर्ने सम्वन्धी निर्देशिका (पहिलो संशोधन २०७१ सहित) २०६५

**प्रस्तावनाः**

“सरोकारवालाहरूमा विद्यालयप्रतिको अपनत्वको विकास गर्दै प्राप्त स्रोतसाधनको मितव्ययी ढङ्गले उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न विद्यालयका गतिविधिलाई पारदर्शी र उत्तरदायी बनाई गुणात्मक शिक्षाको सुनिश्चितताका लागि विद्यालयको समग्र गतिविधिको समीक्षात्मक लेखाजोखा गर्न वाञ्छनीय भएकोले,

शिक्षा नियमावली, २०५९ को  नियम १९२ ले दिएको अधिकार प्रयोग गरी शिक्षा मन्त्रालयले विद्यालयको सामाजिक परीक्षण (Social Audit) गर्नेसम्बन्धी निर्देशिका, २०६५ जारी गरेको छ । ”

**१. सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम “विद्यालयको सामाजिक परीक्षण (Social Audit) गर्ने सम्बन्धी  निर्देशिका, २०६५” रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) “ऐन ” भन्नाले शिक्षा ऐन , २०२८ सम्झनु पर्छ ।

(ख) “नियमावली ” भन्नाले  शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ ।

(ग) “मन्त्रालय” भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(घ) “विभाग” भन्नाले शिक्षा विभाग सम्झनु पर्छ ।

(ङ) “समिति” भन्नाले नियम १७१ क. बमोजिमको समिति सम्झनु पर्छ ।

(च) “सामाजिक परीक्षण” भन्नाले प्रचलित कानुनबमोजिम विद्यालय सुधार योजना, विद्यालयसँग सम्बन्धित अभिलेखहरू, र अन्य दस्तावेजहरूका आधारमा गरिने विद्यालयका सम्पूर्ण गतिविधिहरूको गुणात्मक र परिमाणात्मक परीक्षण सम्झनु पर्छ ।

(छ) “विद्यालय” भन्नाले प्रचलित कानुनबमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयलाई सम्झनु पर्छ ।

(ज) “सरोकारवाला” भन्नाले विद्यालयका शिक्षक, विद्यार्थी, विद्यालयसँगसम्वन्धित व्यक्ति, समुदाय, निकाय, सङ्घ, संस्था वा पदाधिकारीसमेत सम्झनु पर्छ ।

(झ) “तोकिएको वा तोकिएबमोजिम” भन्नाले मन्त्रालय वा विभागद्वारा समय समयमा जारी  गरिएका निर्देशन वा परिपत्रद्वारा तोकिएको वा तोकिदिएबमोजिम सम्झनु पर्छ ।

## ३. <u>विद्यालयले सामाजिक परीक्षण गराउनु पर्ने</u> :

१। विद्यालयले प्रत्येक वर्ष नियमावली, २०५९ को नियम १७१ (क) बमोजिमको समितिबाट सामाजिक परीक्षण अनिवार्य रूपमा गराउनु पर्नेछ ।

२। समितिले विद्यालयमा बालक्लब गठन भएको अवस्थामा क्लबका एकजना छात्रा पर्ने गरी २ जना प्रतिनिधि र बालक्लब गठन नभएको अवस्थामा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये सबैभन्दा माथिल्लो कक्षामा उत्कृष्ठ अङ्क प्राप्त गर्ने एकजना छात्रा र एकजना छात्र गरी दुईजनालाई अनिवार्य रूपमा आमन्त्रण गर्नु पर्नेछ ।

३। समितिले गत आर्थिक वर्षको सामाजिक परीक्षण कार्य सम्पन्न गरी तयार पारिएको विद्यालयको प्रतिवेदन प्रत्येक वर्षको भाद्र मसान्तभित्रमा सरोकारवालाहरूको भेला गराइ छलफलका लागि प्रस्तुत गर्नुपर्ने छ ।

४। समितिले विद्यालयको सामाजिक परीक्षण गर्दा सकारात्मक र सुधार गरिनु पर्ने विषय स्पष्ट खुलाइ सोको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

५। उपदफा (४) बमोजिमको प्रतिवेदनमा अघिल्लो आर्थिक वर्षको सामाजिक परीक्षण प्रतिवेदनका सुझावको कार्यन्वयनको स्थिति समेत उल्लेख गर्नुपर्नेछ ।

६। उपदफा (३) वमोजिमको भेलाबाट प्राप्त सुझाव तथा छलफलको निर्ष्कषलाई समितिले आफ्नो प्रतिवेदनमा समावेश गरी अन्तिम प्रतिवेदन तयार पार्नु पर्नेछ ।

६.१ उपदफा (४) बमोजिम तयार भएको प्रतिवेदन कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समितिसमक्ष पेस गर्नु पर्नेछ ।

**<u>४. सामाजिक परीक्षण समितिको बैकल्पिक व्यवस्था:</u>** (१) विशेष कारणबस विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ गठन हुन नसक्ने अवस्था भएमा जिल्ला शिक्षा कार्यालयले सोको यकिन गर्न लगाई जिल्ला शिक्षा कार्यालयले देहायको एक तदर्थ समिति गठन गरी सो मार्फत सामाजिक परीक्षण गराउनु पर्नेछ,

(क) सम्बन्धित गाउँ विकास समिति, नगरपालिका भित्रको शैक्षणिक कार्यक्रमको आधारमा अग्रणी विद्यालयका प्रधानाध्यापक र अग्रणी विद्यालयका हकमा गाउँ विकास समिति, नगरपालिका भित्रको वा जिल्ला शिक्षा कार्यालयले तोकिएको उच्च तह सञ्चालन भएको कुनै विद्यालयका प्रधानाध्यापक -संयोजक

(ख) विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका अभिभावकमध्ये विद्यालयका शिक्षक स्टाफको निर्णयानुसार मनोनित एक जना महिला पर्ने गरी – दुईजना सदस्य

(ग) यस दफा बमोजिमको समितिबाट मनोनित एक जना स्थानीय बुद्धिजीवि – सदस्य

(घ) विद्यालयमा अध्यापनरत शिक्षकमध्ये शिक्षक स्टाफबाट चयन भएको एकजना शिक्षक प्रतिनिधि –सदस्य सचिव

(२) दफा ३ को उपदफा २ बमोजिमका बालक्लबका प्रतिनिधि अनिवार्य रूपमा आमन्त्रण गर्नु पर्ने छ ।

(३) उपदफा (१) बमोजिम गठित समितिको दायित्व र काम कर्तव्य दफा ३ बमोजिम गठित समिति सरह हुने छ ।

**४ क. <u>सामाजिक परीक्षणको क्षेत्र :</u>** (१) विद्यालयको सामाजिक परीक्षण गर्दा देहायका क्षेत्र समेट्नु पर्नेछ । सामाजिक परिक्षण मूल्याङ्कनका लागि अनुसूची १ को खण्ड क बमोजिमको फाराम प्रयोग गर्नु पर्नेछ ।

१. विद्यालय सुधार योजना, वार्षिक कार्ययोजना, विद्यालयका अन्य अभिलेखहरू,
२. विद्यार्थी भर्ना, विद्यालयको बालमैत्री वातावरण,(बालमैत्री प्रारूपबमोजिमका सूचकमा आधारित)
३. वार्षिक सिकाइउपलब्धि स्तर
४. विद्यार्थी तथा शिक्षक अभिलेख, नियमितता
५. शैक्षिकसामग्रीको उपलब्धता, शिक्षण सिकाइमा यसको प्रयोग र व्यवस्थापन
६. भौतिक व्यवस्थापन (विद्यालयको जग्गा व्यवस्थापन, भवन, उपयुक्त कक्षाकोठा खेलमैदान, पानीसहितको शौचालय, पुस्तकालय आदि)
७. विद्यालयको आम्दानी र खर्च विश्लेषण
८. शिक्षकविद्यार्थी, शिक्षकशिक्षक, विद्यालयसमुदाय सम्बन्ध सामुदायिक सङ्घसंस्थाहरूसँगको सम्बन्ध र समन्वय,
९. अनुगमन ( विभिन्न तहबाट हुने गरेको अनुगमन अवस्था, प्राप्त सुझाव कार्यान्वयन आदि)

(२) उपदफा (१) वमोजिम सामाजिक परीक्षण प्रतिवेदनलाई लेखापरीक्षकले लेखापरीक्षणको विषयवस्तु बनाउनु पर्नेछ ।

## ५. <u>विद्यालयमा सामाजिक परीक्षणको विषयवस्तु र परीक्षणको दायित्व :</u>

१. विद्यालयमा गरिने सामाजिक परीक्षणका विषयवस्तुहरू अनुसूची - १ मा व्यवस्था भए बमोजिम हुनेछ । सामाजिक परीक्षण गर्ने दायित्व शिक्षक अभिभावक सङ्घको हुनेछ र आवश्यकतानुसार सहयोग पुऱ्याउने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरूको हुनेछ ।

२. सामाजिक परीक्षणका लागि अनुसूची - १ बमोजिमको विवरण तयार गरी समितिमा पेस गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ । विद्यालय व्यवस्थापन समितिले उक्त विवरण प्रधानाध्यापकमार्फत् प्रत्येक वर्षको श्रावण मसान्तभित्र समितिसमक्ष पेस गर्नुपर्नेछ ।

३. सामाजिक परीक्षण समितिले सामाजिक परीक्षणका क्रममा हेर्न र बुझ्न चाहेको विद्यालयसँग सम्वन्धित सम्पूर्ण अभिलेख, विवरण तथा प्रमाणहरू प्रधानाध्यापकले सामाजिक परीक्षण समितिलाई अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ ।

**६ प्रतिवेदन सम्प्रेषण :**

१. समितिले विद्यालयको सामाजिक परीक्षण गरी दफा ३ को उपदफा (७) बमोजिमको प्रतिवेदन भाद्र मसान्तभित्र स्रोतकेन्द्रमा पेस गर्नुपर्नेछ र स्रोतकेन्दमा सबै विद्यालयको समीक्षा बैठक राखी स्रोतव्यक्तिले सम्बन्धित विद्यालय निरीक्षकलाई असोज १५ गतेभित्रमा सबै विद्यालयको प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम प्राप्त हुन आएको प्रतिवेदन सम्बन्धित विद्यालय निरीक्षकले अध्ययन गरी आफ्नो प्रतिक्रियासमेत समावेश गरी अनुसूची - २ को ढाँचामा कार्तिक १५ गतेभित्र जिल्ला शिक्षा कार्यालयमा पेस गर्नुपर्नेछ ।

३. जिल्ला शिक्षा कार्यालयले उपदफा (२) बमोजिमको प्रतिवेदन माथि आवश्यक अध्ययन गरी जिल्लाका विद्यालयहरूमा गरिएको सामाजिक परीक्षणको समष्टिगत प्रतिवेदन अनुसूची - ३ बमोजिम ढाँचामा तयार गरी सोको एक-एक प्रति पुष मसान्तभित्रमा क्षेत्रीय शिक्षा निर्देशनालय र शिक्षा विभागमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

४. उपदफा (३) बमोजिम जिल्ला शिक्षा कार्यालयहरूबाट प्राप्त हुन आएको समष्टिगत प्रतिवेदनहरूको विश्लेषण एवम् विवेचना गरी विभागले विद्यालयहरूको वास्तविक स्थिति झल्कने गरी सामाजिक परीक्षणसम्वन्धी अन्तिम प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेछ ।

**६ क प्रतिवेदन कार्यान्वयनः**

१. समितिले पेस गरेको प्रतिवेदन कार्यान्वयन गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ । प्रतिवेदनमा प्राप्त सुझाव कार्यान्वयनका लागि विद्यालयले आफ्नो योजनामा समावेश गरी कार्यान्वयन गर्ने र अन्य पक्षहरूसँग सम्बन्धित पक्षहरूलाई प्रतिवेदनको प्रतिसहित जानकारी गराउने र कार्यान्वयनमा सहयोग पुऱ्याउनु पर्नेछ ।

२. जिल्ला शिक्षा कार्यालयले स्रोतकेन्द्रमार्फत प्राप्त हुन आएको विद्यालयको सामाजिक परीक्षण प्रतिवेदनको अध्ययन विश्लेषण गरी कार्यान्वयनमा सहयोग पुऱ्याउनु पर्नेछ र विद्यालयलाई दिइने सुविधा र निकासाका लागि सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्नेछ ।

**७. खारेजी र वचाउ :**(१) विद्यालयहरूमा सामाजिक परीक्षण (Social Audit) गर्ने सम्वन्धी कार्यविधि, २०६२ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिअनुसार भएगरिएका काम कारवाहीहरू यसै निर्देशिकावमोजिम भएगरेको मानिने छ ।

# अनुसूची १ (खण्ड क)
## (विद्यालय व्यवस्थापन समितिले सामाजिक परीक्षण समितिलाई पेस गर्ने)
## समुदाय सहभागिता

| क्र.स. | विषयवस्तु | | लक्ष्य | कार्यान्वियन/विद्यमान अवस्था र प्रगति | कार्यान्वियन हुन नसकेको भए कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **व्यवस्थापन समितिको बैठक सङ्ख्या :** | | | | | |
| २ | **व्यवस्थापन समितिको बैठकमा वर्ष भरिमा छलफल र निर्णय भएका महत्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया :** | | | | | |
| | क) | | | | | |
| | ख) | | | | | |
| | ग) | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ३ | **शिक्षक अभिभावक सङ्घको बैठक सङ्ख्या :** | | | | | |
| ४ | **शिक्षक अभिभावक सङ्घको वैठकमा वर्षभरिमा छलफल र निर्णय गरिएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया :** | | | | | |
| | क) | | | | | |
| | ख) | | | | | |
| | ग) | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| क्र.स. | विषयवस्तु | | लक्ष्य | कार्यान्वियन/विद्यमान अवस्था र प्रगति | कार्यान्वियन हुन नसकेको भए कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| ५ | **वर्षभरिमा सामाजिक परीक्षण समितिको बैठक सङ्ख्या :** | | | | | |
| ६ | **सामाजिक परीक्षण समितिका वर्षभरिका बैठकमा छलफल र निर्णय गरिएका महत्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया :** | | | | | |
| | क) | | | | | |
| | ख) | | | | | |
| | ग) | | | | | |
| | | | | | | |
| | | | | | | |
| ७ | **वर्षभरिमा सञ्चालन भएका अभिभावक भेला सङ्ख्या** | | | | | |
| | क | कक्षागत अभिभावक भेला | | | | |
| | ख | निर्णय भएका विषयहरू | | | | |
| | ग | | | | | |
| | | | | | | |
| | | प्राप्त भएका सुझावहरू | | | | |
| | | | **भौतिक वातावरण** | | | |
| ८ | **विद्यालयको स्वामित्वमा रहेको जग्गाको विवरण** | | | | | |
| | क | विद्यालयको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफल | | | | |
| | ख | जग्गाको किसिम | | | | |
| | ग | उपलब्ध जग्गा जमिनको (खेल मैदान समेत) उत्पादनमूलक र प्रभावकारी प्रयोगको अवस्था | | | | |
| | घ | विद्यालयको भवन र कक्षा कोठाहरूको प्रयोग र सजावटको अवस्था | | | | |
| | ङ | विद्यालय हाता भित्र फोहर व्यवस्थापनका लागि खाडलको व्यवस्था प्रयोग | | | | |
| | च | सबै कक्षाका विद्यार्थीहरूका लागि उमेरअनुसार उपयुक्त बसाइसहितको कक्षा कोठाको व्यवस्था | | | | |
| | छ | विद्यार्थीहरूसँग फिर्ता लिइएका पुराना पाठ्यपुस्तक लगायत अन्य विभिन्न पाठ्यसामग्रीसहितको पुस्तकालयको व्यवस्था र प्रयोगको अवस्था | | | | |

| | क.स. | विषयवस्तु | लक्ष्य | कार्यान्वयन/विद्यमान अवस्था र प्रगति | कार्यान्वयन हुन नसकेको भए कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | ज | विद्यालयमा स्थानीय शैक्षिकसामग्री र अन्य विभिन्न शैक्षिकसामग्रीको उपलब्धता र प्रयोगको अवस्था | | | | |
| | झ | विद्यालयमा स्थानीय क्षेत्रमा (प्रकृति) मा उपलब्ध विभिन्न सामग्री सहित विज्ञान/वातावरण प्रयोगशालाको उपलब्धता र प्रयोगको अवस्था | | | | |
| | ञ | विद्यालयमा विद्यार्थीले गरेका विभिन्न सिर्जनात्मक क्रियाकलापहरूको प्रर्दशन (Display)गर्ने स्थानको उपलब्धता र त्यसको प्रयोगको अवस्था | | | | |
| | ट | विद्यालयमा खानेपानीको उपलब्धता | | | | |
| | ठ | विद्यालयमा पानीसहितको शौचालयको उपलब्धता र प्रयोगको अवस्था | | | | |
| ९ | **विद्यालयका शैक्षिक गतिविधिको पारदर्शिताका लागि विद्यालयद्वारा अपनाइएको माध्यम** | | | | | |
| | क | सूचनापाटीमा प्रर्दशन | | | | |
| | ख | बुलेटिन/पुस्तिका प्रकाशन | | | | |
| | ग | भेला/बैठकहरू | | | | |
| | घ | अन्य | | | | |
| १० | **सेवाक्षेत्रभित्रको कुल जनसङ्ख्या** | **सङ्ख्या** | | | | |
| | ३-५ वर्ष भन्दा कम उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | ५-९ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १०-१२ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १३-१४ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १५-१६ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| ११ | **आफ्नो विद्यालयमा आएका बालबालिका सङ्ख्या** | **सङ्ख्या** | | | | |
| | पूर्व प्रा.वि. तहका बालबालिका सङ्ख्या | | | | | |
| | प्राथमिक तहका बालबालिका सङ्ख्या | | | | | |
| | नि.मा. वि. तहका बालबालिका सङ्ख्या | | | | | |
| | मा.वि. तहका बालबालिका सङ्ख्या | | | | | |

| | क्र.स. | विषयवस्तु | लक्ष्य | कार्यान्वयन/विद्यमान अवस्था र प्रगति | कार्यान्वयन हुन नसकेको भए कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | उ.मा. वि. तहका बालबालिका सङ्ख्या | | | | | |
| १२ | **अन्य विद्यालयमा गएका बालबालिका सङ्ख्या** | **सङ्ख्या** | | | | |
| | पूर्व प्रा.वि. तहका बालबालिका सङ्ख्या | | | | | |
| | प्राथमिक तहका बालबालिका सङ्ख्या | | | | | |
| | नि.मा. वि. तहका बालबालिका सङ्ख्या | | | | | |
| | मा.वि. तहका बालबालिका सङ्ख्या | | | | | |
| | उ.मा. वि. तहका बालबालिका सङ्ख्या | | | | | |
| १३ | **पढाइमा संलग्न नभएका बालबालिका सङ्ख्या** | **सङ्ख्या** | | | | |
| | ५ वर्ष भन्दा कम उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | ५-९ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १०-१२ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १३-१४ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १५-१६ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| १४ | **वैकल्पिक शैक्षिक कार्यक्रममा संलग्न बालबालिका सङ्ख्या** | **सङ्ख्या** | | | | |
| | ५ वर्ष भन्दा कम उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | ५-९ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १०-१२ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १३-१४ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |
| | १५-१६ उमेर समूहका बालबालिका सङ्ख्या | | | | | |

| क.स. | विषयवस्तु | | | | | | लक्ष्य | कार्यान्वयन/विद्यमान अवस्था र प्रगति | कार्यान्वयन हुन नसकेको भए कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | **विद्यालय सेवा क्षेत्रभित्रका बालबालिकाहरूलाई विद्यालय शिक्षाको अवसरका लागि सञ्चालन गरिएका कार्यक्रम/प्रयासहरू** | | | | | | | | | |
| | क | | | | | | | | | |
| | ख | | | | | | | | | |
| | ग | | | | | | | | | |
| | घ | | | | | | | | | |
| | ङ | | | | | | | | | |
| १६ | **विद्यार्थीहरूको लैङ्गिक संरचना विवरण** | | | | | | | **कार्यान्वयन/विद्यमान अवस्था र प्रगति** | **सुझाव** | **कैफियत** |
| | क.स. | तह | छात्रा | छात्र | जम्मा | छात्राको प्रतिशत | | | | |
| | क | प्राथमिक तह | | | | | | | | |
| | ख | नि.मा. वि. तह | | | | | | | | |
| | ग | मा.वि. तह | | | | | | | | |
| | घ | उ.मा. वि. तह | | | | | | | | |
| **शिक्षणसिकाइ वातावरण** | | | | | | | | | | |
| १७ | **वर्षभरिमा विद्यालय खुलेको जम्मा दिन :** | | | | | | | **कार्यान्वयन/विद्यमान अवस्था र प्रगति** | **सुझाव** | **कैफियत** |
| १८ | **वर्षभरिमा विभिन्न कारणले विद्यालय खुले पनि कक्षा सञ्चालन हुन नसकेका दिन :** | | | | | | | | | |
| | क | विद्यार्थी भर्नामा लागिएका कारणबाट कक्षा नचलेका दिन : | | | | | | | | |
| | ख | त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा हुने तयारीको कारणबाट कक्षा नचलेका दिन : | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ग | त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाहरूको परीक्षाफल तयारीको कारणबाट कक्षा नचलेका दिन : | | | | | | | |
| | घ | स्थानीय क्षेत्रमा विवाह ब्रतबन्ध वा यस्तै कुनै महोत्सव वा दुःखद घटना परी कक्षा सञ्चालन हुन नसकेका दिन : | | | | | | | |
| | ङ | कुनै दैवी प्रकोप वा अन्य आकस्मिक कारणबाट कक्षा सञ्चालन हुन नसकेका दिन : | | | | | | | |
| | च | खेलकुद वा अन्य अतिरिक्त क्रियाकलापमा सबैजना केन्दित हुनुपरेका कारणबाट कक्षा सञ्चालन हुन नसकेका दिन : | | | | | | | |
| | छ | अन्य कारणबाट कक्षा सञ्चालन हुन नसकेका दिन : | | | | | | | |
| | ज | भर्ना भएका विद्यार्थीहरूलाई समय मै पा.पु. उपलब्धताको अवस्था | | | | | | | |
| १९ | **विद्यालयमा खुद पढाइ सञ्चालन भएको दिन :** | | | | | | | | |
| २० | **विद्यालयका कुल शिक्षकहरू र तिनको वार्षिक हाँजिरी दिन तथा खुद पढाइमा संलग्न भएका दिनहरू :** | | | | | | **कार्यान्वयन/विद्यमान अवस्था र प्रगति** | **सुझाव** | **कैफियत** |
| | **क.स.** | **नामथर** | **तहश्रेणी** | **वार्षिक हाँजिरी दिन** | **पढाउने कार्यमा संलग्न खुद दिन** | | | | |
| | क) | | | | | | | | |
| | ख) | | | | | | | | |
| | ग) | | | | | | | | |
| | घ) | | | | | | | | |
| | ङ) | | | | | | | | |
| | च) | | | | | | | | |
| | छ) | | | | | | | | |
| | ज) | | | | | | | | |
| २१ | **विषयहरूको व्यापकतालाई समेट्ने गरी उपयुक्त कक्षा तालिका निर्माण र प्रयोग** | | | | | | | | |

| २२ | **परीक्षामा विद्यार्थीले प्राप्त गरेको सरदर उपलब्धि विवरण : गत वर्षको अन्तिम परीक्षाको प्राप्ताङ्कका आधारमा)** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | कक्षाको औसत उपलब्धि | **अनिवार्य विषयहरूको विषयगत औसत सिकाइउपलब्धि** | | | | | | | **कार्यान्वयन/विद्यमान अवस्था र प्रगति** | सुझाव | कैफियत |
| | | **नेपाली** | **अङ्ग्रेजी** | **गणित** | **विज्ञान** | **सामाजिक** | | **जनसङ्ख्या तथा वातावरण** | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |
| **१-८ जम्मा** | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | |
| १० | | | | | | | | | | | |
| **९-१० जम्मा** | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | |
| **९-१२ जम्मा** | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | **विद्यार्थी दैनिक हाजिरी अवस्था** | | | | | | | | | | |
| | **विद्यार्थीको वार्षिक औसत उपस्थिति दर** | | **विद्यार्थी अनुपस्थितिको कारण प्रतिशतमा उल्लेख गर्ने** | | | | | | **स्वास्थ्यसम्बन्धी अवस्था उल्लेख गर्ने** | **प्रगति** | सुझाव |
| | | | जम्मा अनुपस्थित प्रतिशत | अ | ऋा | इ | ई | | | | |
| | कक्षा १ | | | | | | | | | | |
| | कक्षा २ | | | | | | | | | | |
| | कक्षा ३ | | | | | | | | | | |
| | कक्षा ४ | | | | | | | | | | |
| | कक्षा ५ | | | | | | | | | | |
| | कक्षा ६ | | | | | | | | | | |
| | कक्षा ७ | | | | | | | | | | |
| | कक्षा ८ | | | | | | | | | | |
| | कक्षा ९ | | | | | | | | | | |
| | कक्षा १० | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | |
| २४ | **शिक्षक कर्मचारी बैठक सङ्ख्या :** | | | | | | | | | | |
| | **शिक्षक कर्मचारी बैठकमा छलफल र निर्णय गरिएका महत्त्वपूर्ण विषयहरू :** | | | | | | | **विद्यमान अवस्था र प्रगति** | | **सुझाव** | **कैफियत** |
| | क) | | | | | | | | | | |
| | ख) | | | | | | | | | | |
| | ग) | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| २५ | **शिक्षक कर्मचारी बैठक तथा  निर्णय प्रक्रिया :** | | | | | | | | | | |
| | क) | | | | | | | | | | |
| | ख) | | | | | | | | | | |
| | ग) | | | | | | | | | | |

<table>
<tr><td>२६</td><td colspan="5">वर्षभरिमा प्रधानाध्यापक र विद्यालयमा पढ्ने विद्यार्थीका अभिभावकहरू बीच विद्यार्थीहरूको पढाइबारे छलफल भएका दिन :</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२७</td><td colspan="5">कक्षा/विषयशिक्षक र सम्बन्धित कक्षा/विषय पढ्ने विद्यार्थीका अभिभावकहरूबीच विद्यार्थीहरूको पढाइसम्बन्धमा छलफल भएका दिन :</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="10">आर्थिक व्यवस्थापन</td></tr>
<tr><td rowspan="15">२८</td><td colspan="5">विद्यालयको आम्दानी र खर्चको विवरण</td><td></td><td>विद्यमान अवस्था र प्रगति</td><td>सुझाव</td><td>कैफियत</td></tr>
<tr><td colspan="5">सरकारी अनुदान (नियमति तथा कार्यक्रमगत )</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>क.स.</td><td>अनुदान शीर्षक</td><td>प्राप्त रकम</td><td>खर्च शीर्षक</td><td>खर्च रकम</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>क</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>ख</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>ग</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="5">अन्य स्रोत</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>क.स.</td><td>आम्दानीका शीर्षक</td><td>प्राप्त रकम</td><td>खर्च शीर्षक</td><td>खर्च रकम</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>क</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>ख</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>ग</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="10">अन्य व्यवस्थापकीय पक्ष</td></tr>
<tr><td>२९</td><td colspan="5">विद्यालय तथ्याङ्क अद्यावधीकरण तथा संप्रेषणमा समय पालना तथा तथ्याङ्क वैधताको स्थिति</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३०</td><td colspan="5">विद्यालयमा हुने विभिन्न बैठकहरूमा बालक्लब वा विद्यार्थी प्रतिनिधिको सहभागिताको अवस्था</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३१</td><td colspan="5">विद्यालयमा विद्यार्थीहरूका लागि खाजाको व्यवस्था</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३२</td><td colspan="5">विद्यालय अनुगमनको अवस्था (विभिन्न निकाय वा तहबाट )</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३३</td><td colspan="5">विद्यालयको शैक्षणिक कार्ययोजना निर्माण र कार्यान्वयनको अवस्था</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३४</td><td colspan="5">विद्यालय सुधार योजना निर्माण, सो अनुसार वार्षिक योजना निर्माण र कार्यान्वयन</td><td></td><td></td><td></td><td></td></tr>
</table>

## अनुसूची १ (खण्ड ख)

### शिक्षा नियमावलीको नियम १७१ 'क' वमोजिम गठित समितिले तयार गर्ने

**विद्यालयको नाम :**

**ठेगाना :**

**विद्यालयको किसिम :**

**प्रधानाध्यापकको नाम :**

### पहिलो खण्ड

| क्र.सं. | विषयवस्तु | वार्षिक लक्ष्य | वार्षिक प्रगति (वि.व्य.स.को प्रतिवेदनका आधारमा) | रुजुपश्चात कार्यक्रमको प्रगति | सा.प.स. बाट अध्ययन रुजु, विश्लेषण गरी द्रष्टव्यमा रहेको आधारमा मूल्याङ्कन गर्ने | सुझाव | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तत्काल गर्नु पर्ने | ६ महिना भित्र |
| क) | **१. समुदायमा सहभागिता**<br>क) व्यवस्थापन समितिको बैठक सङ्ख्या :<br>ख) व्यवस्थापन समितिको बैठकमा वर्षभरिमा छलफल र निर्णय भएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया :<br>ग) शिक्षक अभिभावक सङ्घको बैठक सङ्ख्या :<br>घ) शिक्षक अभिभावक सङ्घको बैठकमा वर्षभरिमा छलफल र निर्णय गरिएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया :<br>ङ) वर्षभरिमा सामाजिक परीक्षण समितिको बैठक सङ्ख्या :<br>च) सामाजिक परीक्षण समितिका वर्षभरिका बैठकमा छलफल र निर्णय गरिएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया : | | | | | | |

| क्र.सं. | विषयवस्तु | वार्षिक लक्ष्य | वार्षिक प्रगति (वि.व्य.स.को प्रतिवेदनका आधारमा) | रुजुपश्चात कार्यक्रमको प्रगति | सा.प.स. बाट अध्ययन रुजु, विश्लेषण गरी द्रष्टव्यमा रहेको आधारमा मूल्याङ्कन गर्ने | सुझाव | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तत्काल गर्नु पर्ने | ६ महिना भित्र |
| | छ) वर्षभरिमा सञ्चालन भएका अभिभावक भेला सङ्ख्या<br>○ कक्षागत अभिभावक भेला | | | | | | |
| ख) | **२. भौतिक व्यवस्थापन**<br>क) विद्यालयको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफल<br>ख) जग्गाको किसिम<br>ग) उपलब्ध जग्गा जमिनको (खेल मैदान समेत) उत्पादनमूलक र प्रभावकारी प्रयोगको अवस्था<br>घ) विद्यालयको भवन र कक्षा कोठाहरूको प्रयोग र सजावटको अवस्था<br>ङ) विद्यालयहाताभित्र फोहर व्यवस्थापनका लागि खाडलको व्यवस्था प्रयोग<br>च) सबै कक्षाका विद्यार्थीहरूका लागि उमेर अनुसार उपयुक्त बसाइसहितको कक्षाकोठाको व्यवस्था<br>छ) विद्यार्थीहरूसँग फिर्ता लिइएका पुराना पाठ्यपुस्तक लगायत अन्य विभिन्न पाठ्यसामग्रीसहितको पुस्तकालयको व्यवस्था र प्रयोगको अवस्था<br>ज) विद्यालयमा स्थानीय शैक्षिक सामग्री र अन्य विभिन्न | | | | | | |

| क्र.सं. | विषयवस्तु | वार्षिक लक्ष्य | वार्षिक प्रगति (वि.व्य.स.को प्रतिवेदनका आधारमा) | रुजुपश्चात कार्यक्रमको प्रगति | सा.प.स. बाट अध्ययन रुजु, विश्लेषण गरी द्रष्टव्यमा रहेको आधारमा मूल्याङ्कन गर्ने | सुझाव | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तत्काल गर्नु पर्ने | ६ महिना भित्र |
| | शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था<br><br>झ) विद्यालयमा स्थानीय क्षेत्रमा (प्रकृति) मा उपलब्ध विभिन्न सामग्री सहित विज्ञान/वातावरण प्रयोगशालाको उपलब्धता र प्रयोगको अवस्था<br><br>ञ) विद्यालयमा विद्यार्थीले गरेका विभिन्न सिर्जनात्मक क्रियाकलापहरूको प्रर्दशन (Display) गर्ने स्थानको उपलब्धता र त्यसको प्रयोगको अवस्था<br><br>ट) विद्यालयमा खानेपानीको उपलब्धता<br><br>ठ) विद्यालयमा पानीसहितको शौचालयको उपलब्धता र प्रयोगको अवस्था | | | | | | |
| ग) | **३) शिक्षण सिकाइ अवस्था**<br><br>क)विद्यालयबाहिर रहेका बालबालिकाहरू<br><br>ख) अन्य विद्यालय गएका बालबालिकाहरू<br><br>ग) विद्यालयबाहिर रहेका बालबालिकाहरूको शैक्षिक पहुँचका लागि भएको व्यवस्था<br><br>घ) विद्यालयबाहिर रहेका बालबालिकाहरूका लागि सञ्चालन गरेका कार्यक्रमहरू | | | | | | |

| क्र.सं. | विषयवस्तु | वार्षिक लक्ष्य | वार्षिक प्रगति (वि.व्य.स.को प्रतिवेदनका आधारमा) | रुजुपश्चात कार्यक्रमको प्रगति | सा.प.स. बाट अध्ययन रुजु, विश्लेषण गरी द्रष्टव्यमा रहेको आधारमा मूल्याङ्कन गर्ने | सुझाव | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तत्काल गर्नु पर्ने | ६ महिना भित्र |
| | ङ) लैङ्गिक सूचकाङ्क<br>○ प्रा.वि.<br>○ नि.मा.वि.<br>○ मा.वि.<br>○ उ.मा.वि.<br>च) वर्षभरि विद्यालय खुलेको जम्मा दिन<br>छ) वर्षभरि विद्यालय खुले पनि पढाइ नभएका दिन<br>ज) मुख्य कुन कारणले पढाइ नभएको<br>................... ................. ..............<br>झ) प्रधानाध्यापक र विद्यार्थीका अभिभावकबीच पढाइबारे छलफल भएका दिन<br>ञ) कक्षा विषयशिक्षक र सम्बन्धित विद्यार्थीका अभिभावकबीच पढाइको सम्बन्धमा छलफल भएको दिन<br>ट) औसत शैक्षिकउपलब्धि<br>○ प्रा.वि.<br>○ नि.मा.वि. | | | | | | |

| क्र.सं. | विषयवस्तु | वार्षिक लक्ष्य | वार्षिक प्रगति (वि.व्य.स.को प्रतिवेदनका आधारमा) | रुजुपश्चात कार्यक्रमको प्रगति | सा.प.स. बाट अध्ययन रुजु, विश्लेषण गरी द्रष्टव्यमा रहेको आधारमा मूल्याङ्कन गर्ने | सुझाव | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तत्काल गर्नु पर्ने | ६ महिना भित्र |
| | ○ मा.वि.<br>○ उ.मा.वि.<br>ठ) शिक्षकहरूको कुल हाजिरी प्रतिशत<br>ड) विद्यार्थीहरूको कुल हाजिरी प्रतिशत<br>○ प्रा.वि.<br>○ नि.मा.वि.<br>○ मा.वि.<br>○ उ.मा.वि.<br>ढ) शिक्षककर्मचारी बैठक र छलफल प्रक्रिया | | | | | | |
| घ) | **४) आर्थिक व्यवस्थापन**<br>क) वार्षिक आयव्यय विवरण (सरकारी र अन्य)<br>ख) लेखापरीक्षण भएको भए र वेरुजु फर्छ्यौट अवस्था<br>ग) आर्थिक पारदर्शिताको अवस्था<br>घ) बुलेटिन पुस्तिका प्रकाशन<br>ङ) भेला बैठकहरू र अन्य | | | | | | |
| ङ) | **अन्य विविध** | | | | | | |

**द्रष्टव्य :** ज्यादै राम्रो (८०%भन्दा माथि) ४ अङ्क राम्रो (६०% देखि ८०% सम्म ३ अङ्क सामान्य (४०% देखि ६०% सम्म २ अङ्क कमजोर (४०% भन्दा कम) ० अङ्क

**२. सामाजिक परीक्षण अवलम्बन गरिएका प्रक्रियाहरू (मितिसहित उल्लेख हुनुपर्ने)**

**१.**

**२.**

**३.**

**३. सामाजिक परीक्षणका लागि आधार लिइएका दस्तावेजहरू**

**१.**

**२.**

**३.**

**४. अघिल्लो वर्षको सुझाव कार्यान्वयन अवस्था**

**१.**

**२.**

**३.**

**५. समष्टिगत सुझाव**

**क) विद्यालय व्यवस्थापन**

१.

२.

३.

४.

**ख) शैक्षिक उपलब्धियुक्त**

१.

२.

३.

४.

**ग) आर्थिक व्यवस्थापन**

१.

२.

३.

४.

**६. सामाजिक परीक्षणमा संलग्न**

**(क) समितिका पदाधिकारीहरू**

**(ख) सम्बद्ध अन्य व्यक्तिहरू**

**सा.प.स.का पदाधिकारीहरूका नाम सही र मिति :**

| | |
|---|---|
| नाम : | दस्तखत : |
| नाम : | दस्तखत : |
| नाम : | दस्तखत : |
| नाम : | दस्तखत : |
| नाम : | दस्तखत : |
| | मिति : |

## अनुसूचि- २

### विद्यालय निरीक्षक/स्रोतव्यक्तिले बनाउने सारांश प्रतिवेदन

विद्यालयको नाम :

सामाजिक परीक्षण गरिएको शैक्षिक सत्र/आर्थिक वर्ष :

ठेगाना :

सामाजिक परीक्षण सम्पन्न मिति :

विद्यालयको किसिम :

सम्पर्क नं. :

प्रधानाध्यापकको नाम :

| विषय | वार्षिक लक्ष्य | प्रगति | | आवश्यक सुधारका लागि सुझाव |
|---|---|---|---|---|
| | | भौतिक | मूल्यांङ्कित नम्बर (४,३,२,१) | |
| **१. समुदायमा सहभागिता**<br>क) व्यवस्थापन समितिको बैठक सङ्ख्या :<br>ख) व्यवस्थापन समितिको बैठकमा वर्ष भरिमा छलफल र निर्णय भएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया :<br>ग) शिक्षक अभिभावक सङ्घको बैठक सङ्ख्या :<br>घ) शिक्षक अभिभावक सङ्घको वैठकमा वर्षभरिमा छलफल र निर्णय गरिएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया :<br>ङ) वर्षभरिमा सामाजिक परीक्षण समितिको बैठक सङ्ख्या :<br>च) सामाजिक परीक्षण समितिका वर्षभरिका बैठकमा छलफल र निर्णय गरिएका महत्त्वपूर्ण विषयहरू र निर्णय प्रक्रिया :<br>छ) वर्षभरिमा सञ्चालन भएका अभिभावक भेला सङ्ख्या<br>● कक्षागत अभिभावक भेला | | | | |
| **२. भौतिक व्यवस्थापन**<br>क) विद्यालयको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफल<br>ख) जग्गाको किसिम<br>ग) उपलब्ध जग्गा जमिनको (खेल मैदान समेत) उत्पादनमूलक र प्रभावकारी प्रयोगको अवस्था<br>घ) विद्यालयको भवन र कक्षाकोठाहरूको प्रयोग र सजावटको अवस्था<br>ङ) विद्यालयहाता भित्र फोहर व्यवस्थापनका लागि खाडलको व्यवस्था प्रयोग<br>च) सबै कक्षाका विद्यार्थीहरूका लागि उमेरअनुसार उपयुक्त बसाइसहितको कक्षा कोठाको व्यवस्था | | | | |

| विषय | वार्षिक लक्ष्य | प्रगति | | आवश्यक सुधारका लागि सुझाव |
|---|---|---|---|---|
| | | भौतिक | मूल्यांङ्कित नम्बर (४,३,२,१) | |
| छ) विद्यार्थीहरूसँग फिर्ता लिइएका पुराना पाठ्यपुस्तक लगायत अन्य विभिन्न पाठ्य सामाग्रीसहितको पुस्तकालयको व्यवस्था र प्रयोगको अवस्था<br>ज) विद्यालयमा स्थानीय शैक्षिक सामग्री र अन्य विभिन्न शैक्षिकसामग्रीको उपलब्धता र प्रयोगको अवस्था<br>झ) विद्यालयमा स्थानीयक्षेत्रमा (प्रकृति) मा उपलब्ध विभिन्न सामग्रीसहित विज्ञान/वातावरण प्रयोगशालाको उपलब्धता र प्रयोगको अवस्था<br>ञ) विद्यालयमा विद्यार्थीले गरेका विभिन्न सिर्जनात्मक क्रियाकलापहरूको प्रर्दशन (Display) गर्ने स्थानको उपलब्धता र त्यसको प्रयोगको अवस्था<br>ट) विद्यालयमा खानेपानीको उपलब्धता<br>ठ) विद्यालयमा पानीसहितको शौचालयको उपलब्धता र प्रयोगको अवस्था | | | | |
| **३) शिक्षणसिकाइ अवस्था**<br>क) विद्यालयबाहिर रहेका बालबालिकाहरू<br>ख) अन्य विद्यालय गएका बालबालिकाहरू<br>ग) विद्यालयबाहिर रहेका बालबालिकाहरूको शैक्षिक पहुँचका लागि भएको व्यवस्था<br>घ) विद्यालयबाहिर रहेका बालबालिकाहरूका लागि सञ्चालन गरेका कार्यक्रमहरू<br>ङ) लैङ्गिक सूचकाङ्क<br>○ प्रा.वि.<br>○ नि.मा.वि.<br>○ मा.वि.<br>○ उ.मा.वि.<br>च) वर्षभरि विद्यालय खुलेको जम्मा दिन<br>छ) वर्षभरि विद्यालय खुले पनि पढाइ नभएका दिन<br>ज) मुख्य कुन कारणले पढाइ नभएको<br>.......... ....... ........ ........<br>झ) प्रधानाध्यापक र विद्यार्थीका अभिभावकबीच पढाइ बारे छलफल भएका दिन<br>ञ) कक्षा विषयशिक्षक र सम्बन्धित विद्यार्थीका अभिभावकबीच पढाइको सम्बन्धमा छलफल भएको दिन<br>ट) औसत शैक्षिक उपलब्धि<br>○ प्रा.वि.<br>○ नि.मा.वि.<br>○ मा.वि.<br>○ उ.मा.वि.<br>ठ) शिक्षकहरूको कुल हाजिरी प्रतिशत<br>ड) विद्यार्थीहरूको कुल हाजिरी प्रतिशत | | | | |

| विषय | वार्षिक लक्ष्य | प्रगति | | आवश्यक सुधारका लागि सुझाव |
|---|---|---|---|---|
| | | भौतिक | मूल्यांङ्कित नम्बर (४,३,२,१) | |
| ○ प्रा.वि.<br>○ नि.मा.वि.<br>○ मा.वि.<br>○ उ.मा.वि.<br>ढ) शिक्षककर्मचारी बैठक र छलफल प्रक्रिया | | | | |
| **४) आर्थिक व्यवस्थापन**<br>क) वार्षिक आयव्यय विवरण (सरकारी र अन्य)<br>ख) लेखापरीक्षण भएको भए र वेरुजु फर्छौट अवस्था<br>ग) आर्थिक पारदर्शिताको अवस्था<br>घ) बुलेटिन पुस्तिका प्रकाशन<br>ङ) भेला बैठकहरू र अन्य | | | | |
| **५. व्यवस्थापकीय पक्ष**<br>क) विद्यालय तथ्याङ्क अद्यावधीकरण तथा सम्प्रेषणमा समयपालना तथा तथ्याङ्क वैधताको स्थिति<br>ख) विद्यालयमा हुने विभिन्न बैठकहरूमा बालक्लब वा विद्यार्थी प्रतिनिधिको सहभागिताको अवस्था<br>ग) विद्यालयमा विद्यार्थीहरूका लागि खाजाको व्यवस्था<br>घ) विद्यालय अनुगमनको अवस्था (विभिन्न निकाय वा तहबाट )<br>ङ) विद्यालयको शैक्षणिक कार्ययोजना निर्माण र कार्यान्वयनको अवस्था<br>च) विद्यालय सुधार योजना निर्माण, सोअनुसार वार्षिक योजना निर्माण र कार्यान्वयन | | | | |
| **६. अन्य विवरण** | | | | |

**द्रष्टव्य :** ज्यादै राम्रो (८०%भन्दा माथि) ४ अङ्क राम्रो (६०% देखि ८०% सम्म ३ अङ्क सामान्य (४०% देखि ६०% सम्म २ अङ्क कमजोर (४०% भन्दा कम) ० अङ्क

**विद्यालय निरीक्षक/स्रोतव्यक्ति**

नाम थर :

हस्ताक्षर : मिति :

# अनुसूची ३

## जिल्ला शिक्षा कार्यालयहरूले सामाजिक परीक्षणको साराशं प्रतिवेदन पठाउने फाराम

**जिल्ला शिक्षा कार्यालयः-**

**Social Audit को प्रतिवेदन** **स्रोतकेन्द्र सङ्ख्या :-** **सामाजिक परिक्षण भएको सालः**

**निरीक्षण क्षेत्र सङ्ख्या :-**

**सामाजिक परीक्षण गराउने सार्वजनिक विद्यालय सङ्ख्या :- प्रा.वि .....नि.मा.वि. .... मा.वि. ....**

**सामाजिक परीक्षण नगराउने सार्वजनिक विद्यालय सङ्ख्या :- प्रा.वि .....नि.मा.वि. .... मा.वि. ....**

| सि.नं. | विद्यालयको नाम | सञ्चालित कक्षा | वार्षिक लक्ष्य | प्रगति | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समुदायमा सहभागिता | भौतिक व्यवस्थापन | शिक्षण सिकाइ अवस्था | आर्थिक व्यवस्थापन | व्यवस्थापकीय पक्ष | अन्य | जम्मा औषत अङ्क | सुधारका लागि मुख्य सुझाव |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**नोट : विद्यालय निरीक्षक/स्रोतव्यक्तिले दिएको प्रतिवेदनका आधारमा समुदायमा सहभागिता भौतिक व्यवस्थापन आदि सबैको मूल्याङ्कित नम्बरको औसत नम्बर यस फाराम उल्लेख गर्ने ।**

**जिल्ला शिक्षा अधिकारीको**

**दस्तखत :**

## ५. अन्य सामग्रीहरू

### ५.१. विद्यालयमा न्यूनतम रूपमा हुनुपर्ने सामग्रीहरू

पाठ्यक्रम विकास केन्द्रले (प.स. २०६८/०६९ तथा च.न. २९१) अध्ययन अध्यापनमा प्रभावकारिता ल्याउन प्रत्येक विद्यालयमा हुनुपर्ने न्यूनतम सामग्रीहरूको वारेमा पत्राचार गरेको छ जुन पत्रको बेहोरा देहायबमोजिम रहेको छ

नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
(प.मू.यो.अ. शाखा/एकाइ)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७

सानोठिमी, भक्तपुर
Email: cdc@ntc.net.np
www.moescdc.gov.np

प.सं. ०६८/०६९
च.नं. २९१

श्री सबै विद्यालयहरू

**विषय : विद्यालयमा न्यूनतम्रूपमा हुनुपर्ने सामग्रीहरू सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा अध्ययन अध्यापनमा प्रभावकारिता ल्याउन हरेक विद्यालयमा न्यूनतमरूपमा निम्नलिखित सामग्रीहरु हुनुपर्ने भएकाले सोको व्यवस्थापन गर्नुहुन सबै विद्यालयहरूलाई अनुरोध गरिन्छ ।

**सामग्रीहरू**

१. सबै विषयहरूको पाठ्यक्रम एक/एक थान
२. सबै विषयहरूको पाठ्यपुस्तक एक/एक थान
३. शिक्षा ऐन २०२८ तथा नियमावली ,२०५९
४. नेपालको अन्तरिम संविधान - २०६३
५. विषयगत शिक्षक निर्देशिकाहरू एक/एक थान
६. मूल्याङ्कन साधन विकास गर्ने ग्रीड ( कक्षा ८ र १० ) एक/एक थान
७. निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका र मूल्याङ्कन स्रोतसामग्री एक/एक थान
८. अंग्रेजी-अंग्रेजी शब्दकोश, अंग्रेजी-नेपाली शब्दकोश, नेपाली-नेपाली शब्दकोश एक/एक थान
९. नेपाल र विश्वको नक्शा एक/एक थान
१०. ग्लोब एक थान

०६८/०६/०८
कार्यकारी निर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

1/1

## ५.२ शिक्षा विभागवाट विद्यालयस्तरमा प्रवाह गरिने कार्यक्रमहरू: कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७०/७१ वाट उद्धृत

### ५.२.१ प्रारम्भिक वालविकास कार्यक्रम

४ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि आधारभूत शिक्षा तयारीका निम्ति बालविकास सेवामा पहुँच बढाउन तथा जोखिममा परेका र सुविधाविहीन बालबालिकालाई केन्द्रित गरी लक्षित समूहका लागि समुदाय र विद्यालयमा आधारित प्रारम्भिक वालविकास केन्द्रहरू सञ्चालित छन् ।

### ५.२.२ बैकल्पिक विद्यालय कार्यक्रम

विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालयभित्र ल्याई सबै बालबालिकाहरूका लागि आधारभूत शिक्षाको समतामूलक पहुँचमा अभिबृद्धि गर्ने, माध्यमिक शिक्षाको पहुँच, समता, गुणस्तर तथा सान्दर्भिकतामा सुधार ल्याउने, विभिन्न कारणले विद्यालयमा आउन नसकेका बालबालिकाहरूलाई बैकल्पिक शैक्षिक कार्यक्रमका माध्यमबाट आधारभूत तथा माध्यमिक शिक्षाको अवसर उपलव्ध गराउने उद्देश्यकासाथ विभिन्न बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमहरू सञ्चालित छन् । जस अर्न्तगत:

#### ५.२.२.१ प्राथमिक शिक्षा विस्तार कार्यक्रम

सामान्यतय: घर रहेको ठाउँभन्दा टाढा विद्यालय भई सरदर आधा घण्टाभन्दा बढी समयसम्म पैदल हिँडेर विद्यालय पुग्नुपर्ने परिस्थितिका बालबालिकाहरूको समूहलाई लक्षित गरी यो कार्यक्रम सञ्चालन गरिन्छ । यस कार्यक्रममा लामो दुरीको जङ्गल, भीर पाखा र नदी/खोला तरेर विद्यालय जानुपर्ने जस्ता विविध कारणले विद्यालय जान नसक्ने र विद्यालय बाहिर रहेका ६ देखि ८ वर्ष उमेर समूहका बालबालिकाहरूको लागि कक्षा १ देखि ३ सम्मको आधारभूत शिक्षा दिन ३ वर्षसम्म औपचारिक शिक्षाको पाठ्यक्रमअनुसारका पाठ्यपुस्तकहरू प्रयोग गरी अनौपचारिक शिक्षण विधिद्वारा सहभागीको अनुकूल समय मिलाई दैनिक ४ घण्टा पढाउने व्यवस्था यस कार्यक्रममा गरिँदै आएको छ ।

#### ५.२.२.२ अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम

विभिन्न कारणले विद्यालय जान नसकेका जस्तै घरायसी जिम्मेबारी बहन गर्नुपर्ने, गरिबीको कारणले श्रम गरेर जीविका चलाउनु पर्ने, परिवारका सदस्यहरूलाई काममा सघाउनुपर्ने र ५ वर्षको प्राथमिक शिक्षालाई पूरै समय दिन नसक्ने सहरी अर्धसहरी र औद्योगिक क्षेत्रका ८-१४ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि यो कार्यक्रम सञ्चालन गरिन्छ । यस कार्यक्रम ५ वर्षको प्राथमिक शिक्षाको  पाठ्यक्रमलाई समायोजन गरी ३ वर्षभित्रमा पूरा गर्न सहभागीहरूको अनुकूल समयमा दैनिक ४ घण्टा पठनपाठन गर्ने व्यवस्था गरिएको छ । यस कार्यक्रमअर्न्तगत कक्षा ६ देखि ८ सम्म ३ र कक्षा ८ र १० सम्मका ८५ वटा खुलाविद्यालय सञ्चालन गरिएको छ ।  त्यसै गरी अनौपचारिक प्रौढ गृहणी विद्यालय ५० वटा पनि सञ्चालित छन् ।

### ५.२.३ समाहित शिक्षा कार्यक्रम

विशेष आवश्यकता भएका बालबालिकाहरूको आधारभूत शिक्षाको पहुँचमा सुधार ल्याउने उद्देश्यका साथ समाहित शिक्षा कार्यक्रम सञ्चालित छन् । हालसम्म ३६५ वटा स्रोत कक्षाहरू सञ्चालनमा रहेका छन् । जिल्लाभित्रका अपाङ्ग विद्यार्थीहरूको तथ्याङ्क अद्यावधिक गर्नुका साथै सञ्चालित स्रोतकक्षाहरूको प्रभावकारिता अभिवृद्धिका लागि समन्वयात्मक भूमिका निर्वाह गर्नका लागि लेखाजोखा केन्द्रको व्यवस्था गरिएको छ ।

### ५.२.४ घुम्ती विद्यालय कार्यक्रम

अति दुर्गमक्षेत्र र कठिन भौगालिक अवस्थामा रहन बाध्य बालबालिकाहरूको लागि उनीहरूलाई पायक पर्ने स्थानमा निश्चित समयको लागि अध्ययन गर्ने व्यवस्था मिलाउन यो कार्यक्रम सञ्चालनमा रहेको छ ।

### ५.२.५ निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यक्रम

शिक्षा नियमावली २०५९,विद्यालय क्षेत्र सुधार कार्यक्रम चालू त्रिवर्षीय योजनाले आधारभूत तह कक्षा १ देखि ८ सम्मको शिक्षा निःशुल्क प्रदान गर्ने व्यवस्था गरेअनुरुप निःशुल्क तथा अनिवार्य शिक्षा कार्यक्रम सञ्चालनमा रहेको छ । आधारभूत तहको शिक्षा उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षाको अवसर सुनिश्चित गर्नु, विद्यालयमा कक्षा छोड्ने, दोहोर्‍याउने जस्ता शैक्षिक क्षति न्यूनीकरण गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यक्रमको मुख्य उद्देश्य हो । सो कार्यक्रम सञ्चालनमा स्थानीय निकायहरूलाईसमेत जिम्मेबार बनाईएको छ । आ.व. २०७०/०७१ सम्म १९४ गाविसले विद्यालय उमेरका सबै बालबालिकाहरूको लागि शैक्षिक सुनिश्चितता भएको घोषणा गरिसकेको अवस्था छ ।

### ५.२.६ धार्मिक विद्यालय (गुरुकुल/आश्रम/मदरसा/गुम्वा/बिहार)

धार्मिक रूपमा सञ्चालित गुरुकुल/आश्रम/मदरसा/गुम्वा/विहारहरूको शिक्षालाई शैक्षिक प्रणालीको मूलधारमा ल्याउने १२ औं अन्तरिम योजनाको आधारपत्र तथा विद्यालय क्षेत्र सुधार कार्यक्रमअनुसार धार्मिक प्रकृतिका परम्परागत शैक्षिक व्यवस्थालाई सुदृढ तथा संस्थागत गरी यी संस्थाहरूले दिने शिक्षालाई राष्ट्रिय मापदण्डअनुसार औपचारिक शिक्षाको समकक्षी बनाउने उद्देश्यकासाथ धार्मिक विद्यालयहरू सञ्चालन भइरहेका छन् ।

### ५.२.७ भौतिक सुविधा विस्तार कार्यक्रम

विद्यालयमा अनुकूल सिकाइवातावरणका लागि आधारभूत भौतिक सुविधाको सुनिश्चितता हुने वातावरण सिर्जना गरी विद्यार्थीको पहुँच विस्तार, गुणस्तर अभिवृद्धि र समग्र व्यवस्थापन पक्षमा सुधार ल्याउन सहयोग पुर्‍याउनका लागि निम्नानुसारका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

१. नयाँ कक्षाकोठा निर्माण नियमित
२. नयाँ कक्षाकोठा निर्माण दुर्गमका लागि

३. विद्यालयभवन निर्माण
४. विद्यालयभवन मर्मत
५. विद्यालय भूकम्पीय सुरक्षा कार्यक्रम
६. कक्षाकोठा पुर्नस्थापना तथा फर्निचर व्यवस्थापन
७. विद्यालयको वातावरण सुधार
८. छात्रा शौचालय निर्माण (PMEC नपुगेका विद्यालयहरूको लागि)
९.प्राकृतिक विपत्मा परेका सामुदायिक विद्यालयहरूलाई तत्कालीन पुननिर्माण
१०. स्रोतकेन्द्रभवन मर्मत ।

### ५.२.८ निःशुल्क पाठ्यपुस्तकको व्यवस्था

शिक्षामा पहुँच र गुणस्तरीयता अभिवृद्धि गर्नका लागि कक्षा १ देखि १० सम्ममा सबै बालबालिकाहरूको र कक्षा ११ र १२ मा अध्ययनरत लक्षित समूहका विद्यार्थीहरूलाई (दलित, कर्णाली अञ्चल, सीमान्तकृत र लोपोन्मुख)लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिदै आएको छ । पाठ्यपुस्तक व्यवस्थाका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट स्वीकृत नर्मसका आधारमा प्रति विद्यार्थी अनुदान रकमको व्यवस्था गरिदै आएको छ ।

### ५.२.९ प्रति विद्यार्थी लागत अनुदान शिक्षक विद्यार्थी अनुपातका आधारमा

सामुदायिक विद्यालयहरू र विशेष तथा समाहित शिक्षाका स्रोतकक्षाहरू, मदरसा, गुम्बा-बिहार, गुरुकुल-आश्रममासमेत विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्था गर्नका लागि स्रोत उपलव्ध गराई विद्यालयमा अध्ययनरत सबै बालबालिकाले समान रूपमा सिक्न पाउने अवस्था सुनिश्चित गर्ने तथा शिक्षक दरवन्दीको अभावबाट विद्यार्थीको पठनपाठनमा पर्ने प्रभावलाई कम गर्ने उद्देश्यले शिक्षक विद्यार्थी अनुपातका आधारमा प्रतिविद्यार्थी लागत अनुदान उपलव्ध गराउने व्यवस्था रहेको छ ।

### ५.२.१० छात्रवृत्ति कार्यक्रम

देहायअनुसारका छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरिएको छ ।

**आधारभूत शिक्षा तर्फ (कक्षा १ देखि ८)**

क) सबै दलित विद्यार्थीका लागि छात्रवृत्ति
ख) छात्राहरूका लागि छात्रवृत्ति (कर्णाली प्याकेज समेत)
ग) आधारभूत तहमा अध्ययनरत लक्षित समूहका विद्यार्थीका लागि छात्रवृत्ति (२२ जनजाति तथा सिमान्तकृत समूह, मुक्त कमैया, बादी, हलिया, चरुवाका सन्ततिलाईसमेत)

**माध्यमिक शिक्षा तर्फ (कक्षा ९ देखी १०)**

क) सहिदका छोराछोरीहरूका लागि छात्रवृत्ति (आधारभूत तहका विद्यार्थीलाईसमेत)

ख) मुक्त कम्लरीका लागि छात्रवृत्ति (आधारभूत तहका विद्यार्थीलाई समेत)

ग) द्वन्द्वपीडित छात्रवृत्ति(आधारभूत तहका विद्यार्थीलाई समेत)

घ) हिमाली छात्रावासका विद्यार्थीका लागि छात्रवृत्ति (दुर्गम)

ङ) फिडर विद्यालयका विद्यार्थीका लागि छात्रवृत्ति

च) नमूना विद्यालयका विद्यार्थीका लागि छात्रवृत्ति

छ) हिमाली आवासीय विद्यालय छात्रावासका विद्यार्थीका लागि छात्रवृत्ति

ज) दलित विद्यार्थीका लागि छात्रवृत्ति
झ) अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति (आधारभूत तहका विद्यार्थीलाई समेत)

ञ) लोपोन्मुख तथा अति सिमान्तकृतका लागि छात्रवृत्ति (मुक्त कमैया, बादी, हलिया, चरुवाका सन्ततिका लागि समेत)

ट) लक्षित समूहलाई उच्च माध्यमिक तहमा अध्ययनरत विज्ञान विषयका विद्यार्थीका लागि छात्रवृत्ति

### ५.२.११ विद्यालयमा Internet Connection र कम्प्युटर सहयोग अनुदान

Internet connectivity, ICT based education Program ICTPlan का आधारमा विद्यालयमा Internet Connection र कम्प्युटर सहयोग अनुदान कार्यक्रम साझेदारीको अवधारणाअनुसार कार्यक्रम सञ्चालन हुनेछ ।

### ५.२.१२. निरन्तर विद्यार्थी मूल्याङ्कन

निरन्तर विद्यार्थी मूल्याङ्कन विद्यार्थीहरूको सिकाइ स्तरलाई अभिवृद्धि गर्नका लागि उपयोग गर्ने एक महत्त्वपूर्ण प्रक्रिया हो । सम्बन्धित पाठको शिक्षण सिकाइ भएपछि पाठको उद्देश्यअनुसार सिके नसिकेको भनेर साधनहरूबाट उनीहरूको सिकाइस्तर मापन गर्ने र यदि कुनै विद्यार्थीको सिकाइको स्तर अपेक्षाअनुसार भएको छैन भने उनीहरूलाई अपेक्षाकृत स्तरमा पढाउनका लागि सुधारात्मक शिक्षण र पृष्ठपोषण दिने काम पनि यस अन्तर्गत पर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कनले कक्षोन्नति गर्ने वा सोही कक्षामा राख्ने भन्ने कुराको निर्णयमा कम महत्त्व दिने गर्दछ । त्यसैले यो विद्यार्थीहरूले पाठको उद्देश्यअनुसार सिके सिकेनन् भनेर निश्चित गर्ने प्रक्रिया हो । यो निर्णयात्मक प्रकृतिको हुन्छ । शिक्षकहरूलाई विद्यार्थीको सिकाइस्तरको लेखाजोखा गर्न सजिलो बनाउन व्यवस्थित अभिलेखबाट विद्यार्थी स्वयं र उनीहरूका अभिभावक तथा सम्बन्धित शिक्षकहरूले उनीहरूले सिकाइका बारेमा जानकारी प्राप्त गर्न सजिलो बनाउनका लागि सहयोगी फारमहरूको प्रयोग गरिन्छ ।

## ५.४ शिक्षाका राष्ट्रिय सरोकारका विषयहरू

### ५.३.१ सबैका लागि शिक्षाका विश्वव्यापी लक्ष्यहरू र नेपालको राष्ट्रिय कार्ययोजना (सन् २००१–२०१५)

सन् २०१५ सम्म सबैका लागि शिक्षाको डकार कार्य ढाँचाले विश्वव्यापी साझा ६ वटा उद्देश्यहरू समेटेको छ :

- बाल विकास र विस्तार
- सबै वालवालिकाको लागि पहुँचको सुनिश्चतता
- आदिवासी तथा अल्पसङ्ख्यक भाषिक समुदाय लगायत सबै वालवालिकाको सिकाइ आवश्यकताको परिपूर्ति
- प्रौढ निरक्षरतामा कमी
- लैङ्गिक भेदभावको निराकरण
- गुणस्तरीय शिक्षाका सबै पक्षको सुधार

नेपालको राष्ट्रिय कार्ययोजनाले डकार सम्मेलनवाट सन् २०१५ सम्मका लागि घोषित ६ वटा प्रमुख लक्ष्यहरूलाई आधार मानेको छ । यो राष्ट्रिय कार्य योजनामा नेपालको जातीय, सामाजिक र भाषिक विविधतालाई मध्यनजर गरी अर्को एउटा थप लक्ष्य समावेश गरिएको छ । जसअनुसार नेपालले निम्नलिखित ७ वटा लक्ष्यहरूलाई आफ्नो सन्दर्भअनुकूल पुनरावलोकन गरी प्रत्येकलाई निम्नानुसार प्रस्तुत गरेको छ ।

१. विशेषतः अत्यन्तै विपन्न र सुविधाविहीन बालवालिकालाई समेट्ने गरी प्रारम्भिक बाल विकास शिक्षाका कार्यक्रमहरू एवं व्यवस्थाहरूको विकास एवं विस्तृतीकरण ।
२. सन् २०१५ भित्र सबै बालबालिका खास गरी बालिकाहरू, कठिन परिस्थितिका बालबालिका, अल्पसङ्ख्यक समुदायका बालबालिकाहरूका लागि स्तरीय, निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षामा पहुँच र पूर्ण प्राप्ति सुनिश्चत गर्ने ।
३. सबै युवक तथा प्रौढहरूको आवश्यकताअनुसार उचित सिकाइ र जीवनोपयोगी सीपमूलक कार्यक्रमहरूमा न्यायोचित पहुँच विस्तारको सुनिश्चित गर्ने ।
४. सन् २०१५ सम्म प्रौढ साक्षरता तहमा खास गरी महिला साक्षरतामा कम्तीमा ५०% वृद्धि गर्ने र सबै प्रौढहरूका लागि आधारभूत तथा निरन्तर शिक्षामा न्यायोचित पहुँच पुऱ्याउने ।
५. सन् २००५ सम्म प्राथमिक तथा माध्यमिक तह सम्मको शिक्षामा लैङ्गिक विभेदीकरण निर्मूल गरी सन् २०१५ सम्म शिक्षामा लैङ्गिक समानता कायम गर्ने, छात्राहरूको लागि गुणस्तरीय आधारभूत शिक्षामा पहुँच र उपलब्धि सुनिश्चित गर्ने ।
६. गुणस्तरीय शिक्षाका सबै पक्षहरूसँग सम्वन्धित विशिष्ट एवं मापन गर्न सकिने सिकाइ उपलब्धिहरू खास गरी साक्षरता, गणितीय ज्ञान र जीवनोपयोगी सीपहरूको विकास सुनिश्चित गर्ने ।

७. आदिवासी, जनजाति र भाषिक अल्पसङ्ख्यक समुदायका लागि मातृभाषामा आधारभूत तथा प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गर्ने ।

### ५.३.२ विद्यालय क्षेत्र सुधार योजना (२०६६–२०७२)

विद्यालय क्षेत्र सुधार योजना नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा परिलक्षित आधारभूत तथा माध्यमिक शिक्षाका लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न आ.व. २०६६।६७ देखि २०७२।७३ सम्मका लागि तयार गरिएको एउटा दीर्घकालीन रणनीतिक योजना हो । यसमा उल्लेख गरिएको क्षेत्रगत प्रमुख लक्ष्य, उद्देश्यहरू र अपेक्षित नतिजा यस प्रकार छन् ।

| **अवयगत/क्षेत्रगत प्रमुख लक्ष्य तथा उद्देश्य** | **अपेक्षित नतिजा** |
|---|---|
| **प्रारम्भिक बालशिक्षा तथा विकास**<br>**लक्ष्य**<br>आधारभूत शिक्षाको जगलाई सुदृढ पारी बालबालिकाको चौतर्फी विकास गनु<br>**उद्देश्य**<br>चारवर्ष उमेरका बालबालिकाका लागि आधारभूत शिक्षाको तयारीका निम्ति बालविकास सेवामा पहुँच बढाउने । | • चार वर्ष उमेरका ८७% बालबालिकाले प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको अनुभव हासिल गरेको हुने ।<br>• सबै प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रहरूले प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको न्यूनतम मापदण्ड हासिल गरेको हुने ।<br>• कक्षा एकमा प्रवेश गर्नेमध्ये ६४%बालबालिकाले प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको अनुभव लिएको हुने । |
| **आधारभूत शिक्षा**<br>***लक्ष्य***<br>शिक्षालाई अधिकारका रूपमा लिई विद्यालयमा बालमैत्री वातावरणमार्फत् गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता गर्ने ।<br><br>***उद्देश्य***<br>गुणस्तरीय आधारभूत शिक्षामा ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूको समतामूलक पहुँचको सुनिश्तिता गर्ने । | • कक्षा १मा नयाँ भर्ना दर ९४% र कक्षा ८ सम्म पुग्ने दर ६६% हासिल हुने ।<br>• प्राथमिक तहको ९९% र आधारभूत तहको ८५% खुद भर्नादर हासिल हुने ।<br>• न्यूनतम मापदण्डअनुसारका १९,५०० नयाँ कक्षाकोठा निर्माण हुने ।<br>• न्यूनतम मापदण्डअनुसारका १३,००० विद्यालय/कक्षाकोठाको मर्मत सुधार हुने ।<br>• अपाङ्गता भएका विद्यार्थीको आवश्यकताअनुसार १०० नयाँ विद्यालयको स्थापना हुने ।<br>• ५०० गाविस/न.पा.ले अनिवार्य आधारभूत शिक्षा लागू गरेको हुने ।<br>• आवश्यक पर्ने विद्यार्थीले छात्रवृत्ति पाएको हुने (तालिका ३.१ हेर्नुहोला) ।<br>• अपाङ्गता भएका १,७५,००० विद्यार्थीले छात्रवृत्ति पाएको हुने ।<br>• ३०० विद्यालयहरूमा पुस्तकालय र प्रयोगशाला सुविधा भएको हुने ।<br>• न्यूनतम आवश्यक पूर्वाधार पुरा गर्न ७,००० विद्यालयको |

| अवयगत/क्षेत्रगत प्रमुख लक्ष्य तथा उद्देश्य | अपेक्षित नतिजा |
|---|---|
| | बाह्य वातावरणमा सुधार हुने ।<br>● न्यूनतम आवश्यक पूर्वाधार पूरा गर्न ६२५ परम्परागत विद्यालयहरूको स्तरोन्नति हुने ।<br>● विभिन्न भाषामा ९५ सिकाइ सहयोगी सामग्रीको उत्पादन हुने ।<br>● ७,५०० विद्यालयमा बहुभाषी शिक्षा लागू हुने ।<br>● कार्यसम्पादनमा सुधार ल्याउने १,५०० विद्यालयहरू पुरस्कृत हुने ।<br>● १०,४०० विद्यालयमा विव्यसले करारमा प्रअलाई नियुक्ति हुने ।<br>● ७५० विद्यालयमा बहुकक्षाशिक्षण लागू हुने ।<br>● प्रत्येक वर्ष करिब १,५०,००० विद्यार्थीहरूले वैकल्पिक प्रावधानमार्फत आधारभूत शिक्षा लिएका हुने । |
| **माध्यमिक शिक्षा**<br>***लक्ष्य***<br>प्रतिस्पर्धी तथा सीपयुक्त जनशक्तिको उत्पादन गरी राष्ट्रिय विकासको आवश्यकता पूरा गर्ने तथा उच्च शिक्षाका लागि भरपर्दो आधारशिला तयार गर्ने ।<br><br>***उद्देश्य***<br>माध्यमिक शिक्षामा पहुँच, समता, समानता, गुणस्तर तथा सान्दर्भिकतामा सुधार ल्याउने । | ● वैकल्पिक विद्यालयका प्रावधानमार्फत् प्रत्येक वर्ष ६०,००० विद्यार्थीहरूले कक्षा ९ र १० पूरा गर्ने ।<br>● अति गरिब पृष्ठभूमिका ७५,००० विद्यार्थीहरूले माध्यमिक शिक्षा पूरा गर्न छात्रवृत्ति पाएको हुने ।<br>● कक्षा ९-१० का ६,६०,००० छात्राहरूले छात्रवृत्ति पाएको हुने<br>● ७५,००० अपाङ्ग विद्यार्थीहरूले छात्रवृत्ति पाएको हुने ।<br>● कार्यसम्पादनमा सुधार ल्याउने ३७५ माध्यमिक विद्यालयहरू पुरस्कृत भएका हुने ।<br>● पाठ्यक्रम, शिक्षकनिर्देशिका, तथा पाठ्यपुस्तकहरू विद्युतीय रूपमा उपलब्ध हुने ।<br>● पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू परिमार्जन तथा अद्यावधिक गरिएका हुने ।<br>● शिक्षकनिर्देशिकाहरूको विकास, अद्यावधिक र वितरण भएका हुने ।<br>● माविका सबै विद्यार्थीहरूले समयमै पाठ्यपुस्तक पाएको हुने |
| **साक्षरता तथा जीवनपर्यन्त सिकाइ**<br>***लक्ष्य***<br>महिला तथा पिछडिएका जनसङ्ख्यालाई विशेष रूपमा लक्षित गरी युवा तथा प्रौढहरूको जीवनोपयोगी सीपको विकास गर्नु र निरन्तर सिकाइको विकासमा सघाउ पुऱ्याउनु ।<br><br>***उद्देश्य***<br>युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरता | ● साक्षर र नवसाक्षरहरू सशक्तीकृत हुने र उन्नत जीवनयापन गर्न सघाउ पुग्ने तार्किक विकल्पसहितको सूचना तथा सीपमा पहुँच पुगेको हुने ।<br>● उन्नत पद्धतिगत क्षमता तथा संस्थागत सिकाइको अवसर प्राप्त हुने ।<br>● १,०५० ओटा सामुदायिक सिकाइ केन्द्रको स्थापना भई सञ्चालन भएको हुने ।<br>● साक्षरता तथा निरन्तर शिक्षामार्फत् करिब ७,००,००० युवा तथा प्रौढहरूले जीविकोपार्जन सीप हासिल गरेको हुने । |

| अवयगत/क्षेत्रगत प्रमुख लक्ष्य तथा उद्देश्य | अपेक्षित नतिजा |
|---|---|
| तथा आधारभूत सक्षमताको विकास गर्नु । | • स्थानीय भाषामा मातृभाषाका कोर्सहरू लागू गरिने । (पाविकेका अनुभव र स्रोतमार्फत्) |
| **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम**<br>**लक्ष्य**<br>विद्यालयबाट रोजगारीका क्षेत्रमा स्थानान्तरण गर्नका लागि विद्यार्थीहरूलाई रोजगारीमूलक सीप प्रदान गर्नु र नेपालभित्र, छिमेकी मुलुक र विश्वबजारमा उपलब्ध वृत्तिविकासका अवसरहरूको खोजी गर्न मद्दत गर्नु ।<br>**उद्देश्य**<br>माध्यमिक तहका विद्यार्थीहरूमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका साधारण सीप प्रदान गर्नु । | • कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा आधारभूत जीवनोपयोगी सीप र व्यावसायिक सीपका प्रारम्भिक विषयवस्तुलाई एकीकृत गरिनेछ ।<br>• माध्यमिक शिक्षाका लागि सामान्य सीपमा केन्द्रित व्यवसायिक पाठ्यक्रमको विकास गरिनेछ ।<br>• सामान्य सीपमा केन्द्रित, जस्तैः कला र वाणिज्य सीप, कम्प्युटर सीप आदिमा जोड दिने प्राविधिक/व्यवसायिक विषयहरू नमुना विकासका निमित्त १०० सामुदायिक विद्यालयमा प्रयोग तथा परीक्षण गरिनेछ । |
| **शिक्षकको पेसागत विकास**<br>**लक्ष्य**<br>विद्यार्थीहरूको सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा सघाउ पुऱ्याउन सबै शिक्षकहरूमा ज्ञान र सीपको सुनिश्चितता गर्ने ।<br>***उद्देश्य***<br>विद्यार्थीहरूको सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा सघाउ पुऱ्याउन सबै शिक्षकहरूको योग्यता तथा पेसागत दक्षता अभिवृद्धि गर्ने । | • शिक्षकहरूलाई पुनर्ताजगी तालिम दिनका लागि ७५० मास्टर प्रशिक्षक तालिम प्राप्त भई सक्षम भएको हुने ।<br>• शिक्षक तयारी कोर्स र पुनर्ताजगी तालिममार्फत् सबै शिक्षकका पेसागत ज्ञान तथा सीप अद्यावधिक भएको हुने ।<br>• ४,०५० प्रधानाध्यापकहरूले प्रमाणीकरण तालिम पूरा गरेको हुने ।<br>• तयारी कोर्सका माध्यमबाट पिछडिएका समूहका ७,००० शिक्षकहरूको क्षमता अभिवृद्धि भएको हुने। |
| **क्षमता विकास**<br>**लक्ष्य**<br>विक्षेसु योजनामा उल्लेख भएका सुधार कार्यहरूको कार्यान्वयन गर्न क्षमता अभिवृद्धि गर्नु ।<br>***उद्देश्य***<br>शिक्षा मन्त्रालयको सेवा प्रवाह पद्धतिको कार्यसम्पादनमा अभिवृद्धि गर्नु तथा सुधारका कार्यक्रमहरूको कार्यान्वयनका लागि क्षमताको विकास गर्नु । | • आवश्यक ऐन, नियम, नियमावली तथा निर्देशिकाहरू बनाई सहज संस्थागत रूपरेखाको विकास हुन ।<br>• साङ्गठनिक अधिकार, संरचना तथा सम्बन्धलाई कार्यसम्पादनसँग जोडिने ।<br>• तालिम, सचेतना, अनुसन्धान कार्य तथा प्रोत्साहनका कार्यक्रममार्फत् कार्यसम्पादनमा सुधार ल्याउन व्यक्तिगत सक्षमता तथा काम गर्ने अवस्थामा सुधार ल्याइने । |
| **अनुगमन तथा मूल्याङ्कन**<br>**लक्ष्य**<br>कार्यक्रमको अवस्था र उद्देश्यबारे समयमै जानकारी उपलब्ध गराई तथ्यमा आधारित भई निर्णय गर्ने पद्धतिमार्फत् योजनाको प्रभावकारी कार्यान्वयनका | • अनुगमन तथा मूल्याङ्कन संरचना, भूमिका तथा उत्तरदायित्वको अद्यावधिक प्रतिवेदन ।<br>• परिमार्जित अनुगमन तथा मूल्याङ्कन प्रणालीमा आधारित अनुगमन तथा मूल्याङ्कन योजना ।<br>• पर्याप्त मात्रामा मूल्याङ्कन प्रतिवेदनको उत्पादन । |

| अवयगत/क्षेत्रगत प्रमुख लक्ष्य तथा उद्देश्य | अपेक्षित नतिजा |
|---|---|
| लागि सहजीकरण गर्नु ।<br>**उद्देश्य**<br>कार्यक्रमको साधन, प्रक्रिया र परिणामको अनुगमन गर्ने र योजनाको प्रभाव मूल्याङ्कन गर्ने । | • सबै विद्यालयहरूले नियमित रूपमा शुद्ध तथ्याङ्क उत्पादन गर्ने ।<br>• ७५ जिल्लामा जिल्ला शिक्षा योजना तयार भएको ।<br>• ४८ ओटा अध्ययन प्रतिवेदन तयारी तथा प्रबोधीकरण भएको ।<br>• ४,००० ओटा गाउँ शिक्षा योजना तयारी र कार्यान्वयन भएको ।<br>• सबै विद्यालयहरू समुदायद्वारा व्यवस्थापन भएको । |

### ५.३.३ तेह्रौं योजना (आ.व. २०७०/०७१–२०७२/०७३) आधार पत्रमा शिक्षा

**१. पृष्ठभूमि**

देशबाट निरक्षरता उन्मूलन गर्दै गुणस्तरयुक्त शिक्षामा पहुँच अभिवृद्धि गर्न शिक्षाक्षेत्रमा लगानी विस्तार हुँदै आएकोछ । सबै तह र विधाका शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्न नीतिगत,कानूनी र संस्थागत सुधारका प्रयासहरू भएका छन् । विगतका प्रयासहरूबाट प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको अनुपात ५४ प्रतिशत, साक्षरता दर ६६ प्रतिशत, प्राथमिक तहमा खुद भर्ना दर ९५.३ प्रतिशत पुगेको छ । आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक अनुपात लगभग समदरमा पुगेको छ । खुद भर्नादर आधारभूत तहमा ८७ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) मा ३१ प्रतिशत पुगेको छ । उच्चशिक्षामा सहजै देखिने भर्नादर १३ प्रतिशत पुगेको छ । यसैगरी प्राविधिक शिक्षा र व्यवसायिक तालिममा लक्षित समूहको पहुँच बढेको छ । करिब २३ लाख विद्यार्थीले वार्षिक रूपमा छात्रवृत्ति प्राप्त गरिरहेका छन् । विभिन्न २२ ओटा मातृभाषामा कक्षा ५सम्मका पाठ्यसामग्री विकास गरिएका छन् ।

सबै तहका शिक्षामा कक्षा छाड्ने र दोहोर्‍याउनेको सङ्ख्या अझै बढी हुनु, कक्षा उत्तीर्णदर कम हुनु, विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाहरूको पहुँच सुनिश्चित नहुनु, शिक्षक व्यवस्थापनमा समस्या रहनु, सामुदायिक विद्यालय शिक्षामा गुणस्तर कायम नहुनु, संस्थागत विद्यालयको नियमनको प्रभावकारी व्यवस्था नहुनु, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको पहुँच र गुणस्तर कमजोर रहनु, उच्च शिक्षाको स्पष्ट नीतिगत व्यवस्था नहुन यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

**२. उद्देश्य**

१. सबै तह र विषयको शिक्षामा समान पहुँच विस्तार गर्ने ।
२. सबै तहको शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, सीपमूलक, रोजगारमुखी एवम् समसामयिक बनाउने ।
३. शैक्षिक पद्धतिलाई सिर्जनात्मक, व्यावहारिक, समावेशी र समतामूलक बनाउँदै लैजाने ।

४. समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता र जवाफदेहितामा अभिवृद्धि गर्ने ।

## ३. रणनीति

८. प्रारम्भिक बालविकासलाई समन्वयात्मक रूपमा विस्तार गर्ने ।
९. निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र माध्यमिक तह (९-१२) को एकीकृत शिक्षा पद्धतिको प्रभावकारी कार्यान्वयन गर्ने ।
१०. प्राविधिक र व्यावसायिक शिक्षाका क्षेत्रमा लगानी तथा अबसरमा विस्तार गर्ने ।
११. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउँदै नियमनका पूर्वाधार विकास र अबसरहरूको विविधीकरण गर्ने ।
१२. साक्षरतालाई उत्पादकत्वसँग आबद्ध गरी अभियानको रूपमा सञ्चालन गर्ने ।
१३. विपन्न, सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षामा पहुँच सुनिश्चित गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।
१४. सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।
१५. लगानीको प्रतिफल सुनिश्चित गर्दै जवाफदेहिता पद्धतिको विकास गर्ने ।

## ४. कार्यनीति

१. बालविकास केन्द्रहरूको नक्साङ्कन गरी विस्तार गर्नुका साथै पूर्वाधारहरूका सम्बन्धमा तयार गरिएको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइनेछ ।
२. प्रारम्भिक बालविकास केन्द्रहरूको स्थापना, सञ्चालन र नियमित अनुगमनको लागि स्थानीय निकाय, समुदाय र गैरसरकारी संस्थासँग सहकार्य गरिनेछ ।
३. निशुल्कः अनिवार्य आधारभूत शिक्षामा पहुँच विस्तार गर्न वैकल्पिक शिक्षाका कार्यक्रमहरूलाई व्यवस्थित र समन्वयात्मक ढङ्गले कार्यान्वयन गरिनेछ ।
४. प्रमुख नतिजाहरूमा स्रोत विनियोजन गर्दै विद्यालय क्षेत्र सुधार कार्यक्रम (कक्षा १-१२) को कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।
५. माध्यमिक शिक्षा (९-१२) मा समतामूलक पहुँच सुनिश्चित गर्न नक्साङ्कनको आधारमा विद्यालय विस्तार गरी क्रमशः निःशुल्क गर्दै लगिने छ । विज्ञान शिक्षामा सबै वर्ग, समुदाय र क्षेत्रका विद्यार्थीहरूको पहुँच वृद्धि गरिनेछ ।
६. सूचना तथा सञ्चार प्रविधिलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै "डिजिटल डिभाइड" लाई कम गर्दै लगिने छ ।
७. शिक्षक पुनर्मिलानका साथै विद्यार्थी र शिक्षक सङ्ख्यामा समायोजन गरिनेछ ।
८. मातृभाषाका पाठ्यसामग्री तथा शिक्षकहरूको विकास गरी मागबमोजिम बहुभाषीय शिक्षाका अबसरहरूमा बिस्तार गरिनेछ ।
९. निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरूसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका अवसरहरू विस्तार गरिनेछ ।

१०. कक्षा ९ देखि आरम्भ हुने प्राविधिक तथा व्यवसायिक शिक्षासहितको दुई धारको माध्यमिक शिक्षालाई परीक्षणबाट प्राप्त नतिजाका आधारमा विस्तार गरिनेछ ।

११. अनौपचारिक क्षेत्रमा विद्यमान सीपहरूको अभिलेखीकरण, सीप परीक्षण र प्रमाणीकरणका लागि कार्यविधि, प्रक्रिया र संयन्त्रहरूलाई सुदृढ गरिनेछ । साथै, वैदेशिक रोजगारीमा जाने कामदारहरूको सीप परीक्षण र प्रमाणित गर्ने व्यवस्था मिलाइनेछ ।

१२. National Vocational Qualification Framework तयार गरी विभिन्न विधा र तहका विद्यार्थीहरूलाई उच्च शिक्षासम्म अध्ययन गर्ने अबसर प्रदान गरिनेछ ।

१३. एकीकृत उच्च शिक्षा नीति र उच्च शिक्षा ऐन जारी गरी उच्चशिक्षामा विविधीकरण, गुणस्तरमा सुनिश्चितता र प्रभावकारी नियमन गरिनेछ ।

१४. विदेशी शिक्षण संस्थाहरूसँग आबद्ध भई सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूलाई नियमन गरिनेछ ।

१५. मानित विश्वविद्यालय, खुला विश्वविद्यालयको अवधारणालाई प्रोत्साहित गर्नुका साथै कानूनी संरचनामा सुधार गरी कार्यान्वयन गरिनेछ ।

१६. अनुसन्धानलाई उच्च शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गर्दै लगिनेछ ।

१७. साक्षर नेपाल अभियानलाई प्रभावकारी बनाउन सबै सरोकारवालाहरूलाई परिचालन गरिनेछ ।

१८. साक्षरता र साक्षरोत्तर कार्यक्रममार्फत कम्तीमा ६० वर्षमुनिका सबैलाई साक्षर बनाइनेछ ।

१९. पुस्तकालय सञ्चालन, क्षमता अभिवृद्धि तथा व्यवस्थापनका लागि एकीकृत नीतिगत व्यवस्था गरिनेछ ।

२०. सबै तहको शिक्षामा महिला, आदिवासी/जनजाति, मधेसी, दलित, विशेष आवश्यकता भएका व्यक्तिलगायत लक्षित समुदायको पहुँच सुनिश्चित गर्न आरक्षण, छात्रवृत्तिलगायत विकल्पहरूको विस्तार गरिनेछ ।

२१. निश्चित मापदण्डका आधारमा चिकित्साशास्त्र, इञ्जिनियरिङ, कृषि, विज्ञान र प्रविधि आदि विषयमा उच्चशिक्षा अध्ययनका लागि सहुलियत ऋण उपलब्ध गराइनेछ ।

२२. गुरुकूल, गोम्पा र मदरसाबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूलाई राष्ट्रिय प्रणालीमा समाहित गर्न मापदण्ड र पूर्वाधारको सुधार गरिनेछ ।

२३. विद्यालय जान नसक्ने सीमान्तकृत र लोपोन्मुख जातजातिका लागि घुम्ती शिक्षा प्रणालीको विस्तार गर्दै विद्यालय शिक्षा पूरा गर्ने दरमा वृद्धि गरिनेछ ।

२४. विद्यालयमा जातजाति, भाषा, लिङ्ग, धर्म, एच.आइ.भी. सङ्क्रमणलगायत कुनै पनि आधारमा गरिने विभेदलाई पूर्णतः निषेध गरिनेछ ।

२५. विद्यालयमा बालमैत्री वातावरण स्थापना गरी भर्ना दर, विद्यार्थी उत्तीर्ण दरमा वृद्धि तथा पुनरावृत्ति दर र विद्यालय छाड्ने दरलाई घटाउने प्रयास गरिनेछ ।

२६. विद्यार्थी केन्द्रित सिकाइ विधिमा जोड दिँदै सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउन न्यूनतम शैक्षिक वातावरणका मापदण्डहरू कार्यान्वयनमा ल्याइनेछ ।

२७. सिकाइ उपलब्धिमा समेत समतालाई सुनिश्चित गर्न विद्यालयहरूबीच साझेदारीलाई प्रोत्साहन गर्दै सामुदायिक विद्यालयको सिकाइ उपलब्धिमा सुधार गरिनेछ ।

२८. सबै तहका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न तालिमका अबसरहरू प्रदान गरिनेछ ।

२९. शिक्षामा उत्कृष्ट नतिजा हासिल गरेका प्रतिभाहरूलाई शिक्षण पेसामा आकर्षण गरिनेछ ।
३०. शिक्षकका पेसागत सङ्घसङ्गठनहरू र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका लागि आचार संहिता लागू गरिनेछ ।
३१. क्षमता अभिवृद्धिका कार्यक्रमलाई नतिजासँग आबद्ध गरी शिक्षा प्रणालीको दक्षता र प्रभावकारिता अभिवृद्धिमा पुग्ने योगदानका आधारमा सञ्चालन गरिनेछ ।
३२. केन्द्रदेखि समुदाय र विद्यालय तहसम्मको अनुगमन प्रणालीलाई सक्षम र जिम्मेवार बनाइनेछ र कार्य सम्पादनलाई पुरस्कार र दण्डसँग आवद्ध गरिनेछ ।
३३. निजी क्षेत्रका विद्यालय, प्राविधिक शिक्षालय, अनुसन्धान केन्द्र, र मानित तथा खुला विश्वविद्यालयको स्थापना एवम् सम्बन्धनका लागि कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।
३४. सम्पत्ति व्यवस्थापन र पूर्वाधार मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ । सार्वजनिक खर्च अनुगमन तथा सेवा प्रवाह सर्वेक्षण र अन्य सहभागितामूलक औजारहरूको प्रयोग गरी वित्तीय सुशासन कायम गरिनेछ ।
३५. विद्यमान शैक्षिक प्रशासनको संस्थागत संरचनालाई पुनरावलोकन गरी आवश्यकताअनुसार समायोजन र सुधारका कार्यक्रमहरू ल्याइनेछ ।
३६. शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ, प्रभावकारी र कार्यमूलक बनाइनेछ ।

## ५. अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा १५ वर्षमाथिको साक्षरता दर ७५ प्रतिशत, १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर ९५ प्रतिशत, कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिका ६४ प्रतिशत र आधारभूत तहमा (कक्षा १-५) खुद भर्ना दर १०० प्रतिशत पुगेको हुनेछ । आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर ९० प्रतिशत हुनेछ । माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर ४० प्रतिशत पुगेको हुनेछ । उच्च शिक्षाको स्पष्ट नीति र छाता ऐन आइसकेको हुनेछ । सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एसएलसी) उत्तीर्ण हुनेको प्रतिशत बढेको हुनेछ ।

## ५.३.४ साक्षर नेपाल अभियान

### साक्षर नेपाल भनेको के हो ?

सबै निरक्षर व्यक्तिहरूमा साक्षरताका न्यूनतम मापदण्ड पूरा गर्न सक्ने सीप विकास गर्न सामाजिक महोत्सव वा अभियानका रूपमा सबै संयन्त्र परिचालन भई सन् २०१५ सम्ममा नेपालवाट निरक्षर उन्मूलन गर्ने नेपाल सरकारको घोषित नीति नै **"साक्षर नेपाल अभियान"** हो ।

### साक्षर नेपाल अभियान अन्तर्गत स्थानीय स्तरमा गरिने कार्यहरू :

- साक्षर नेपाल अभियानको प्रचारप्रसार प्रत्येक गाविसका टोल र वस्तीसम्म गरिनेछ । यसका लागि विद्यार्थी र स्थानीय स्रोतकोसमेत उपयोग गरिनेछ ।
- गाविस/नपाको उच्चतम विद्यालयको संयोजकत्वमा स्रोतव्यक्ति, सबै विद्यालय, गाविस/नपा, सामुदायिक अध्ययन केन्द्र, स्थानीय गैरसरकारी संस्था र शिक्षाकर्मी सहतिको समन्वय सहयोग समिति गठन गरिनेछ ।
- प्रत्येक विद्यालयलाई आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावक तथा परिवारका सदस्यहरूलाई साक्षर बनाउन जवाफदेही बनाइनेछ । यसका लागि प्रत्येक विद्यालयमा साक्षरता समन्वयकर्ताको व्यवस्था गरिनेछ । यस्ता विद्यालयलाई प्रोत्साहन गर्नका लागि विद्यालय स्तरोन्नतिमा अभिभावक साक्षरताको सूचक समेत समावेश गरिनेछ ।
- कृषि, पशुसेवा, वन, घरेलु तथा साना उद्योग, महिला तथा बालबालिका कार्यालय अन्तर्गत गठित उपभोक्ता तथा लक्षित समूहहरूमा साक्षरता सहितको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । यस्ता उपभोक्ता समूहमा आवद्ध हुन साक्षर हुनु पर्ने प्रावधानलाई क्रमशः लागू गरिनेछ ।
- समुदायमा आधारित सङ्घ संस्थाहरूका निरक्षर सदस्यहरूलाई साक्षर बनाउन सम्वन्धित सङ्घ संस्थाहरूलाई जिम्मेवार बनाइनेछ ।
- गाउँ विकास र नगरपालिकालाई आफ्नो क्षेत्रभित्रका सबै निरक्षरहरूलाई साक्षर बनाउने गरी साक्षरताको लक्ष्य निर्धारण गरी कार्यक्रम सञ्चालन गर्न जिम्मेवार बनाइनेछ ।

### साक्षरताको मापदण्ड

आफ्नो मातृभाषा वा राष्ट्रभाषामा लेखिएका दैनिक जीवनसँग सम्वन्धित छोटा र साधारण वाक्यहरू बुझेर लेखपढ गर्न सक्ने तथा साधारण हरहिसाब गर्न सक्ने व्यक्तिलाई साक्षर भनिनेछ । साक्षरता मूल्याङ्कनका लागि निम्न साक्षरतालाई आधार मानिनेछ ।

- राष्ट्रभाषा वा मातृभाषाका वर्ण/अक्षर पढ्न र लेख्न सक्ने,
- नेपाली वा मातृभाषामा लेखिएका मूल्यसूची र बिल पढ्न सक्ने,
- आफ्नो र परिवारको सदस्यको नाम उमेर लेख्न र पढ्न सक्ने,
- मोबाइल र क्यालुकुलेटरको अङ्क र अक्षर चिनी प्रयोग गर्न सक्ने,

- ०–९ सम्मका अङक लेख्न सक्ने,
- १ देखि १०० सम्म गणना गर्न सक्ने,
- लेनदेनका हरहिसाव राख्न सक्ने,
- सरल चित्र, पोष्टर, साइनबोर्ड, र ट्राफिक सङ्केत पढ्न र बुझ्न सक्ने,
- सामुदायिक कार्यक्रममा आफ्नो विचारसहित सक्रिय सहभागिता देखाउन सक्ने,
- घडी हेरेर समय वताउन सक्ने,
- भित्तेपात्रो हेरी तिथिमिति बताउन सक्ने,
- बैङ्क भौचर भर्न र चेक खिच्न सक्ने ।

DOE/JICA Project for
Support for Improvement
of School Management Phase II

SISM

नेपाल सरकार
शिक्षा मन्त्रालय
**शिक्षा विभाग**